## अध्याय : एक

# शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **अछाम जिल्लाको छबिस दरामा बोलिने छबिसेली भाषिक भेद र मानक नेपाली भाषाको रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन** रहेको छ ।

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोध प्रस्ताव त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश शोधपत्र लेखन (नेपा.शि.५९८) को प्रयोजनका निम्ति तयार गरिएको छ ।

### १.३ समस्या कथन

धर्म संस्कृति भौगोलिक परिवेश आदि विषयमा विविधता बोकेको नेपाल भाषिक हिसाबले पनि एक बहुभाषिक मुलुक हो । नेपालको सरकारी कामकाजको भाषा नेपाली भए पनि नेपालमा नेपाली भाषा इतरका भाषिक समुदाय पनि रहेका छन् । यिनै समुदायमा बोलिने सम्पूर्ण भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् । यस्तै वर्तमान समयमा नेपालमा प्राथमिक तहसम्मको आधारभूत शिक्षा स्थानीय एवम् मातृभाषामा नै दिने अवधारणा अनुसार विभिन्न भाषिकाहरू मध्ये अछाम जिल्लाको छबिस दरामा बोलिने छबिसेली भाषिक भेदले समेत उचित स्थान पाउने देखिन्छ ।

छबिसेली भाषिक भेद नेपालमा बोलिने विभिन्न भाषा परिवारहरूमा भारोपेली परिवार अन्तर्गतको नेपाली भाषाको एक भाषिक भेद हो । जसलाई भाषाशास्त्री बालकृष्ण पोखरेलले भाषा सम्बन्धी अगाडि सारेको धारणा अनुसार अछामी भाषिकालाई भाषाका पुर्बेली, माझाली, पच्छिमा, ओरपच्छिमा र परपच्छिमा भेदहरूमध्ये ओरपच्छिमा भेदमा राखेका छन् । छबिसेली भाषिक भेद यसै भाषा अन्तर्गत अछाम जिल्लाका कालीकोट जिल्लासँग जोडिएका रामारोसन, भाटाकाटियाँ, बाटुलासेन, शान्तडा, चाफामाडौं र सुतारको क्षेत्र भित्र बोलिने अछामी भाषाभित्र पर्ने भाषिक भेद हो ।

छबिसेली भाषिकाको शब्दवर्गमा हुने रूपायन (नाम, सर्वनाम, विशेष क्रिया) सम्बन्धी व्यवस्थाको प्रयोगमा उक्त छबिसेली भाषिक भेदका रूपमा देखा परेको माथि उल्लेखित क्षेत्र विशेषमा बोलिने यस भाषिक भेदलाई अछाम जिल्ला भित्रको छबिस दरामा बोलिने छबिसेली भाषिक भेदका रूपमा राजाराम सुवेदीको 'अछामको इतिहास' (२०५८) नामक अनुसन्धानमा छुट्टै नामकरण गरिएको पाइन्छ । अतः प्रस्तुत शोध निम्न अनुसारका शोध समस्याहरूमा केन्द्रित भई सम्पन्न गरिएको छ ।

क) छबिसेली भाषिक भेदको स्वरूप कस्तो रहेको छ ?

ख) छबिसेली भाषिक भेदको रूपायन व्यवस्था के कस्तो छ ?

ग) नेपाली मानक भाषा र छबिसेली भाषिक भेदका बिचको रूपायन व्यवस्थामा के कस्ता समानता र असमानता छन् ?

घ) छबिसेली भाषिक भेद अन्तर्गतका समुदायका विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा शब्द रूपायन प्रक्रियामा गर्ने त्रुटिहरू के कस्ता हुन्छन् ?

## १.४ शोधका उद्देश्य

प्रस्तुत शोध अध्ययनका निम्न लिखित उद्देश्यहरू रहेको छन् :

क) अछामी भाषिका भित्रको छबिसेली भाषिक भेदको परिचय दिनु,

ख) छबिसेली भाषिक भेदको शब्दवर्गमा हुने रूपायन व्यवस्थाको अध्ययन गर्नु,

ग) मानक नेपाली र छबिसेली भाषिक भेदको रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन गर्नु,

घ) छबिसेली भाषिक भेद अन्तर्गतका समुदायका विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्य व्यवस्थामा गर्ने त्रुटिहरू पहिल्याउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

विभिन्न समयमा नेपाली भाषाको क्षेत्रमा भएका खोज अनुसन्धानको फलस्वरूप नेपाली भाषा सम्बन्धी खोजको सुरुवात बालकृष्ण पोखरेलको **पाँचसय वर्ष,** र चूडामणि उपाध्याय 'रेग्मी'को **नेपाली भाषाको उत्पत्ति** जस्ता ग्रन्थबाट भएको पाइन्छ । बन्धु (२०२५) ले **नेपाली भाषाको उत्पत्ति**को चर्चा गर्ने क्रममा नेपाली भाषाका भाषिकाहरूलाई पश्चिमी, पूर्वीय र केन्द्रिय गरी तिन वर्गमा विभाजन गरेको पाइन्छ भने पोखरेल (२०३१) ले 'राष्ट्रभाषा' को पाँचौ संस्करणमा पूर्वेली,

माझाली, ओरपच्छिमा, मझपच्छिमा र परपच्छिमा गरी पाँच वर्गमा विभाजन गरेको पाइन्छ । पोखरेलका अनुसार अछामी भाषिका ओरपच्छिमा वर्ग अन्तर्गत पर्दछ । त्यस्तै भाषा के-कसरी परिर्वतन भई आयो भन्ने बारेमा जानकारी लिन भाषाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने साहित्यकार र तिनका साहित्यिक कृतिहरू, पत्रपत्रिका, लेख, रचना, खोज, अनुसन्धानहरूको गहन रूपमा अध्ययन गर्नु पर्दछ । यस्ता पूर्वकार्यहरूको  अध्ययनले अनुसन्धान कार्यलाई निश्चित बाटोतर्फ डोऱ्याउने कार्य गर्दछन् । यसै क्रममा पूर्वकार्यको अध्ययन गर्दा अन्य भाषिका झैं ओरपच्छिमा वर्ग अन्तर्गत पर्ने भाषिकाहरूको विकासमा जयपृथ्वी बहादुर सिंह, पहलमान सिंह स्वाँर, ज्योति प्रकाश जोशी, महेश विक्रम शाह, हर्ष प्रसाद भट्ट, ललिजन रावल जस्ता साहित्यकार र तिनका कृतिहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

नेपाली भाषाको पहिलो लिखित रूप दामुपालको दुल्लू अभिलेख वि.स. १०३८ देखिए झै अछामी भाषिकाको लिखित रूप (वि.सं १३३७) मा आक्षज (अक्षय) मल्लको अच्छाम (अछाम) पञ्चदेवल शिलालेख फेला परेको पाइन्छ । त्यस्तै काशी जोइसीद्वारा लिखित सं १७३६  को आछाम (अछाम) मल्लो भैंसोल्या अभिलेख पनि फेला परेको पाइन्छ । यी शिलालेख तथा अभिलेखहरूको अध्ययन गर्दा अझै पनि प्राचीन अछामी भाषिकाका विशेषताहरू विद्यमान रहेका पाइन्छन् । यो भाषिका माझाली, परपच्छिमा, मझपच्छिमा, ओरपच्छिमा र पुर्बेलीका साथै समग्र नेपाली भाषासँग पनि मिल्दोजुल्दो देखिन्छ । साथै यसका आफ्नै मौलिक विशेषताहरू पनि रहेका पाइन्छन् । भाषिक विकासमा सञ्चारको माध्यामले पनि महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन् । अछामी भाषिकाको विकासमा पनि अछाम दर्पण,  रामारोशन, शोडषा एक्सप्रेस, उदाउँदो नयाँ नेपाल जस्ता पत्र पत्रिकाका साथै रामारोशन एफ.एम.ले प्रत्येक दिन बिहान ८ बजे अछामी भाषामा सामाचार प्रसारण गरेर महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

स्नातकोत्तर तहमा अछामी भाषासँग सम्बन्धित केही सीमित शोधार्थीहरूद्वारा शोधकार्य भएको भएता पनि यहाँ गर्न खोजिएको शोध शीर्षकसँग सम्बन्धित कुनै पनि शोधकार्य नभएकाले अछामी भाषाका सीमित शोधार्थीहरूद्वारा भएका केही शोधका सारभूत निष्कर्षका साथै यस विषयसँग सम्बन्धित पाठ्यपुस्तक तथा शोधपत्रलाई समेत समीक्षा गरी यस अनुसन्धान कार्यमा पुर्वकार्यको अध्ययनको रूपमा समावेश गरिएको छ :-

खगराज जोशी (२०५०) ले **डोटेली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन** शीर्षकमा डोटेली भाषिकाको सामान्य परिचय दिने, डोटेली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटि बिच तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखेर  लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य र कारक आदिको नेपाली भाषासँग तुलना गरेको पाइन्छ । जसमा डोटी जिल्लाका बर्छैन, गडसेरा, घाडल र निरौली जस्ता गा.वि.स.लाई अध्ययन क्षेत्रका रूपमा लिएर वर्णनात्मक र तुलनात्मक विधि अपनाइ अध्ययन गरिएको पाइन्छ । उक्त शोधपत्रमा नेपाली र डोटेली भाषिकामा व्याकरणात्मक दृष्टिले भिन्नता हुनुका साथै लिङ्ग, वचन, विभक्तिचिन्हमा सामान्य भिन्नता रहेको कुरा उल्लेख छ ।

हर्क बहादुर शाही (२०५३) ले **"अछामी भाषिकाः एक अध्ययन"** शीर्षकमा अछामी भाषिकाको सामान्य परिचय दिने, अछामी भाषिकाका स्वर र व्यञ्जन वर्णका उच्चारण व्यवस्थाको सामान्य चिनारी गराउने, अछामी भाषिकाका शब्दवर्ग र व्याकरणात्मक कोटिहरूका विशेषता औंल्याउने उद्देश्य राखेर सर्वेक्षण र पुस्तकालयीय विधि अपानाई अछामी भाषिकाको परिचय, उच्चारण, शब्दवर्ग र व्याकरणात्मक कोटिहरूको अध्ययन गरिएको पाइन्छ । उक्त शोधपत्रमा शाहीले स्तरीय नेपालीसँग सजातीय सम्बन्ध राख्ने हँड-हिँड, फयल-फेल जस्ता शब्दका साथै विजातीय सम्बन्ध राख्ने छकाल-बिहान, घोगा-मकै जस्ता शब्द रहेको, बहुवचन बोधक प्रत्यय 'हरू' अछामी भाषामा नभएको, मानवेत्तर गाईमा मानवीय लिङ्ग बोध गराएको तर स्तरीय नेपालीमा त्यस्तो नभएको निष्कर्ष निकालेको पाइन्छ ।

मञ्जु उप्रेती (२०५५) ले **राजवंशी भाषाका व्याकरणिक कोटिहरू तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त अध्ययनले राजवंशी भाषाको मौलिक परिचय, कारक, लिङ्ग, वचन, पुरूष, आदर काल, पक्ष, भाव, वाच्य जस्ता व्याकरणिक कोटिका आधारमा राजवंशी भाषालाई नेपाली भाषासँग तुलना गर्ने उद्देश्य राखेर वर्णनात्मक र तुलनात्मक अध्ययन विधिको प्रयोग गरेर उच्चारण प्रक्रिया तथा ध्वन्यात्मक क्षेत्रमा त्रुटि देखिएकाले व्याकरणिक कोटिहरूमा समेत त्रुटिहरू रहने गरेको निष्कर्ष निकालेको पाईन्छ ।

गणेश बहादुर बोहरा (२०५९/०६१) ले **बझाङी भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन** शीर्षकमा बझाङी भाषिकाका विशेषताहरू पहिल्याउने, बझाङी भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण गर्ने र बझाङी भाषीले नेपाली भाषाको प्रयोगमा गर्ने

त्रुटिहरू पहिल्याउने उद्देश्य राखेर वर्णनात्मक र तुलनात्मक विधि अपनाई उच्चारण प्रक्रिया, नाम, सर्वनाम, विशेषण र क्रिया वर्गको रूपायन प्रक्रिया र कारक र विभक्तिको प्रयोगको व्यतिरेकी अध्ययन गरेको पाइन्छ । उक्त शोधमा बोहराले बझाङी भाषिकामा छुट्टै विशेषताहरू भएको, प्राचीन नेपाली र कुमाउलीसँग मिल्दोजुल्दो देखिएको, ध्वन्यात्मक विचलन देखिए पनि व्याकरणिक व्यवस्थामा विभेद नभएको निष्कर्ष निकालेको पाइन्छ ।

ऋषिकेश ढकाल (२०६२) ले **अछामी भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन** शीर्षकमा अछामी भाषिकाको सङ्क्षिप्त परिचय दिने, अछामी भाषिकाका विशेषताहरू पहिल्याउने, अछामी भाषिकाका व्याकरणिक कोटिहरूको नेपाली भाषासँग तुलनात्मक अध्ययन गर्ने र अछामीभाषी विद्यार्थीले नेपाली भाषा सिक्दा गर्ने सम्भावित त्रुटिहरूको पूर्वानुमान गर्ने उद्देश्य राखेर अछाम जिल्लाको मुली गा.वि.स. लाई मुख्य क्षेत्र बनाई क्षेत्रीय, वर्णनात्मक र तुलनात्मक विधि अपनाएर अछामी भाषिकाका व्याकरणिक कोटिहरूको अध्ययन गरेको पाइन्छ । उक्त शोधपत्रमा ढकालले नेपाली भाषाभन्दा केही मौलिक शब्द भएको, उच्चारणमा भिन्नता भएको, विपर्यास, समीभवन, अल्पप्राणी भवन, हकारीभवन, महाप्राणीभवन र घोषीभवनमा नेपालीभन्दा भिन्न ध्वन्यात्मक प्रवृति पाइएको र सर्वनाममा पनि परिवर्तन देखिएको निष्कर्ष निकालेको पाइन्छ ।

धनकृष्ण उपाध्याय (२०६४) ले **कालिकोट जिल्लाको लालूलोखडा क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेद र मानक नेपाली भाषाको वाक्यगठन सम्बन्धी तुलनात्मक अध्ययन** शीर्षकमा नेपाली भाषाको स्थानीय भेदको सामान्य परिचय दिनु, वाक्यगठन सम्बन्धी समानता र भिन्नता पहिल्याउनु जस्ता उद्देश्य राखेर लालू, कोटबाडा, मालकोट, कुमलगाउँ र रूप्सा गा.वि.स.लाई अध्ययन क्षेत्र बनाई लालूलोखाडी भाषिक भदेका काल, पक्ष, लिङ्ग, आदर, वचन, पुरूष, वाच्य, संरचनाका साथै विभक्तिको प्रयोगजस्ता वाक्यगठन सम्बन्धी विविध पक्षको स्तरीय नेपालीसँग तुलनात्मक अध्ययन गरिएको पाइन्छ । जसमा वाक्यगठन सम्बन्धी विविध पक्षमा भएका समानता र भिन्नताको उल्लेख गर्दै लालूलोखडा क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेदमा आदरका दुई वटा तह मात्र भएको, रूपगत, प्रत्ययगत र ध्वन्यात्मक भिन्नता रहेको, शब्दभण्डारमा मौलिकता र विभिक्ति चिन्हहरूमा विविधता रहेको निष्कर्ष निकालेको पाइन्छ ।

हिक्मत बहादुर सोडारी (२०६७) ले **अछामी भाषिकामा रहेका व्याकरणात्मक कोटिको अध्ययन** मा लिङ्ग, बचन, पुरूष, आदर, काल, पक्ष, भाव र वाच्य जस्ता व्याकरणिक कोटिहरूको

अध्ययन गरेको पाइन्छ । यसरी यस अध्ययनमा अछामी भाषिकामा नामिक वर्गका क्रिया वर्गका र अव्यय वर्गका व्याकरणिक कोटिको अध्ययलाई नेपाली मानक भाषासँग तुलना गर्नु मुख्य उद्देश्य राखेर वर्णनात्मक र तुलनात्मक विधि प्रयोग गरी अध्ययन गरेको पाइन्छ । साथै बोलचाल र वाक्य गठन सम्बन्धी क्षेत्रमा भएका समानता र भिन्नता उल्लेख गर्दै शब्द भण्डारमा मौलिकता रहेको र व्याकरणिक व्यवस्थामा समेत विभेद नभएको निष्कर्ष निकालेको पाइन्छ ।

प्रकाश रावल (२०६८) ले **आठ बिसेली अछामी भाषिका र मानक नेपाली भाषाका कारक तथा विभक्तिको तुलनात्मक अध्ययन** शीर्षकमा नेपाली भाषाको स्थानिय भेदको सामान्य परिचय दिनु, कारक तथा विभक्ति सम्बन्धी समानता र भिन्नता पहिल्याउनु जस्ता उद्देश्य राखेर अछाम जिल्लाको आठसय दरामा पर्ने कालिका र दर्ना गा.वि.स.लाई अध्ययन क्षेत्र बनाई आठ बिसेली अछामी भाषिक भेदका कारक विभक्तिको प्रयोग जस्ता वाक्य गठन सम्बन्धी विविध पक्षको स्तरीय नेपालीसँग तुलनात्मक अध्ययन गरेको पाइन्छ । आठ बिसेली अछामी भाषामा मानक नेपाली भाषामा भन्दा केही भिन्न विशिष्ट खालका मुक्त विभक्ति चिन्हहरूका साथै कारक र विभक्तिमा केही समानता र भिन्नताका साथसाथै मौलिकता समेत रहेको निष्कर्ष निकालेको पाइन्छ ।

यसरी अछामी भाषा तथा त्यसभित्रका अन्य भाषिक व्यवहार गर्ने समुदाय तथा भाषा सम्बन्धी अध्ययन स्वतन्त्र रूपमा गर्ने क्रममा कसैले स्थानीय भाषिकाको पठन पाठनका लागि पाठ्यपुस्तक निर्माण कसैले स्नातकोत्तर तहको शोध पत्रको प्रयोजनार्थ अध्ययन गर्न त कसैले भाषा विकासको उद्देश्य हेतु भाषा सम्बन्धी अध्ययन गरेको पाइन्छ । तर पनि अछामी भाषाभित्र पनि ठाउँ अनुसार भाषामा फरक-फरक भेदहरू देखिन आएकाले यसका लागि अछामी भाषा सम्बन्धी हालसम्म भए गरेका विभिन्न उपलब्धिहरू सही ठहरिए पनि आवश्यकता अनुसार अझै अपुग रहेको र सन्तोषजनक नदेखिकाले थप अध्ययन अनुसन्धान गर्नु पर्ने देखिन्छ । अतः उक्त अभाव पूर्तिका लागि यो अध्ययन सहयोगी हुने देखिएकाले थप अध्ययन गर्न थालिएको हो ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

विविध पक्षहरूका बिच एकता भएको देश नेपाल प्रत्येक जातजाति, भाषा भाषीहरूको आ-आफ्नै भाषिक, सांस्कृति र भेषभूषा भएको देश हो । प्राचीन समय देखि नै अछामी भाषाभित्र पनि छुट्टै भाषिक एवं सांस्कृतिक महत्त्वको पहिचान सहित देखा परेको छबिसेली भाषिक भेद नेपाली

भाषीहरू भित्रकै एक भाषिक व्यवहारका दृष्टिले फरक अस्तित्व देखाई रहेको भाषिक भेद हो । जुन अछाम जिल्लाको छबिस दरा क्षेत्रभित्र बोलिने गरिन्छ ।

भाषा स्वरूप सबै ठाउँमा एकैनासको नभइ रहेको हाम्रो जस्तो मुलुकमा भाषाका विभिन्न भेद उपभेदले सिकाइमा निकै प्रभाव पार्ने गर्दछ । यसै क्रममा छबिसेली भाषिक भेद अन्तर्गतका विद्यार्थीहरूले भाषिक व्यवहार एवम् बोलीचालीको क्रममा आफ्नो भाषाको प्रभाव देखाइ रहेका हुन्छन् । यस्तो अवस्थामा उक्त भाषिक व्यवहारको क्रममा हुने त्रुटिहरूलाई नेपाली मानक भाषासँग तुलना गरी विश्लेषण गर्दा भाषिक व्यवहार सिकाउन एवं सोही अनुरूपको भाषा व्यवहार गर्न गराउनमा प्रस्तुत छबिसेली भाषिक भेदमा रूपायन व्यवस्थाको अध्ययन शीर्षकको शोधकार्यले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यसरी अछामी भाषिका भित्रका थुप्रै भाषिक भेदमध्ये छबिसेली भाषिक भेदको अध्ययन तथा त्यसमा रूपायन व्यवस्थाको अध्ययन जस्ता कार्यले अछामी सामाजिक भाषिक संरचनाको अध्ययन गर्न समेत महत्त्वपूर्ण योगदान पुग्ने छ । त्यस्तै नेपाली मानक भाषिक र अछामी छबिसेली भाषी वक्ता बिचको सम्प्रेषणात्मक कार्यमा समेत सहयोग पुग्ने देखिन्छ । साथै भाषा क्षेत्रमा विभिन्न अनुसन्धान तथा लेखन कार्य गरिरहेका अनुसन्धान कर्ता तथा भाषाका पाठक वर्गहरू समेतलाई छबिसेली भाषिक भेदमा रूपायन व्यवस्थाको अध्ययन शीर्षकको यो शोध प्रस्तावमा आधारित शोधकार्यले थप सहयोग प्रदान गर्न सक्ने देखिन्छ । यसको औचित्य र महत्त्वलाई थप स्पष्ट पार्नका लागि बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिछ ।

क) भाषाको संवर्द्धन र विकासमा भाषिकाको अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले,
ख) भाषिकामा रहेका उच्चारण, शब्दभण्डार, वाक्यगठन तथा व्याकरणिक पक्षमा रहेका विविधताले भाषाको स्वरूप पहिल्याउन मद्दत मिल्ने भएकोले,
ग) छबिसेली भाषिका र मानक नेपाली भाषामा रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन गर्न मद्दत मिल्ने भएकाले ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको अध्ययन क्षेत्र र सीमा निम्न अनुसार रहेको छ :-

क) प्रस्तुत शोधको अध्ययन क्षेत्रमा अछाम जिल्लाको छबिस दरा अन्तर्गतमा पर्ने रामारोसन,

भाटाकाटियाँ सुतार बाटुलासेन, शान्तडा र चाफामाडौं गा.वि.स.हरू रहेका छन् ।

ख) प्रस्तुत अछाम जिल्लाको छबिस दरामा बोलिने छबिसेली भाषिक भेद र मानक नेपाली भाषाको रूपायन व्यवस्थाको तुलनात्मक अध्ययनमा मात्र सीमित रहेको छ ।

ग) प्रस्तुत अध्ययन छबिसेली भाषिक भेद र नेपाली भाषाका रूपायन व्यवस्थाको क्षेत्रमा भएका समानता र असमानताको अध्ययनमा सीमित रहेको छ ।

घ) प्रस्तुत शोधपत्रका लागि छनोट गरिएका छबिसेली भाषिक भेदका वक्ताहरू, स्थानीय शिक्षकहरू, विद्यार्थीहरूका साथै सबै वर्ग, जाति, लिङ्गका व्यक्तिहरूको प्रत्येक्ष सल्लाह सुझावमा तयार गरिएको छ ।

ङ) प्रस्तुत शोधपत्रमा छबिसेली भाषिक भेदको परिचय दिई यसका सामाजिक तथा भौगोलिक भेद छुट्याउने प्रयास गरिएको छ ।

## १.८ अध्ययन विधि

यस शोध कार्यका लागि मुलतः क्षेत्रीय अध्यय विधिको प्रयोग गरिएको छ । यसका साथै अध्ययन वर्णनात्मक विधि, तुलनात्मक विधि र पुस्तकालयीय विधिमा समेत आधारित रहेको छ । छलफल, संवाद, अनुवाद र अन्तरवार्ता जस्ता विधिका लागि प्रश्नावली सामाग्रीको निर्माण गरिएको थियो ।

## १.९ अध्ययनका स्रोतहरू

प्रस्तुत शोधपत्रको अध्ययन निम्नानुसार तथ्याङ्क सङ्कलन अध्ययनका स्रोतहरू का आधारमा गरिएको छ ।

### १.९.१ प्राथमिक स्रोत

प्रस्तुत शोध कार्य गर्नका लागि छबिसेली भाषिक भेदको सामग्री सङ्कलनको मुख्य स्रोतका रूपमा त्यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूसंग प्रत्यक्ष छलफल,भेटवार्ता,र अवलोकन जस्ता प्रत्यक्ष विधि अपनाई सामग्रीको सङ्कलन गरिएको छ । साथै सम्बन्धित भाषा क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या मध्ये सबै वर्ग, जाति, लिङ्ग, क्षेत्र र उमेर समूहका १०० जना मानिसहरूसँगको प्रत्यक्ष सम्पर्क भाषा व्यवहार तथा बिचार विमर्शको आधारमा स्रोत सङ्कलन गरिएको छ । सङ्कलन

गरिएका सामग्रीको वर्णन विश्लेषण गर्न वर्णनात्मक विधि र नेपाली भाषासँग तुलनात्मक विधि अवलम्बन गरिएको छ र  शोधकर्ता स्वयं पनि छबिसेली  भाषिक भेदको मूल वक्ता भएकाले आफ्नो अनुभवको पनि प्रयोग गरिएको छ । साथै भाषाविद्, विषय विज्ञ, अभिभावक, गुरूजन, विद्यार्थीसँगका भेट वार्ता, अन्तरवार्ताबाट प्राप्त सामग्री पनि प्राप्त प्रथमिक स्रोतका रूपमा रहेका छन् ।

### १.९.२ द्वितीय स्रोत

तथ्याङ्कका द्वितीय स्रोतका रूपमा पुस्तकालयीय अध्ययनबाट प्राप्त सामग्री, यस पूर्व गरिएका शोधपत्र, पुस्तक, पत्रपत्रिका, आदिलाई लिइएको छ । उपयुक्त स्रोतबाट प्राप्त सामग्रीलाई विश्लेषण व्याख्या र तुलना गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### १.९.३ अध्ययनको जनसङ्ख्या

यस अध्ययनको जनसंख्याका रूपमा  रामारोशन,भाटाकाटियाँ, बाटुलासेन, शान्तडा, चाफामाडौं र सुतार गाविसमा बसोबास गर्ने बासिन्दाहरूका साथै उक्त क्षेत्रमा अध्यापनरत शिक्षकहरू र माध्यमिक स्तरमा अध्यनरत विद्यार्थीहरू पनि रहेका छन् ।

### १.९.४ जनसङ्ख्याको छनोट

प्रस्तुत अध्ययन छबिसेली भाषिक भेदमा रूपायन व्यवस्थाको अध्ययनमा केन्द्रित भएकाले अछाम जिल्लाको छबिस क्षेत्रमा रहेका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू, छबिसेली भाषिक बक्ताहरू तथा शिक्षकहरूलाई जनसङ्ख्याको उद्देश्य अनुसार यादृच्छिक नमुना छनोटका आधारमा लिइएको छ ।  आवश्यक सामग्री सङ्कलनका लागि  सम्पूर्ण वक्ताहरूको प्रतिनिधित्व हुने गरी प्रत्येक गा.वि.स.बाट जनसङ्ख्याको छनौट गर्दा १० जना पुरूष ५ जना महिलाका दरले ६० जना र उच्चतम विद्याालयका १५ जना छात्र र १५ जना छात्राहरूका साथै १० जना सम्बन्धित भाषिक क्षेत्रभित्रका शिक्षकहरूलाई लिइएको छ । यसरी क्षेत्रीय अध्ययन विधिका आधारमा सबै क्षेत्रबाट आउने जनसङ्ख्यामा दलित जनजाति समेत पर्ने गरी छनोट गरिएको छ ।

उक्त सङ्कलित सामग्रीलाई विश्वसनीय बनाउनका लागि प्राप्त तथ्याङ्कलाई सम्पूर्णको प्रतिनिधित्व हुने गरी २० जना मातृभाषी बक्ता र ५ जना उक्त स्थानमा कार्यरत सोही भाषिक भेदका मातृभाषी शिक्षकमा पुर्व परीक्षण गरिएको छ । साथै शोध निर्देशकको सुझावलाई पनि आधार मानी सामग्रीको पुर्व परीक्षण गरिएको छ ।

## १.१० अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

यस अध्यायमा शोधपत्रको शीर्षक, शोधको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको क्षेत्र र सीमा, अध्ययनको विधि, अध्ययनका स्रोतहरू र अध्ययनको रूपरेखालाई समावेश गरिएको छ ।

अध्याय दुई :

यस अध्यायमा भाषा, भाषिका र उपभाषिकाको परिचय नेपाली भाषिकाहरू, छबिसेली भाषिक भेद बोलिने क्षेत्र र वक्ताहरू, छबिसेली भाषिकाको परिचय र उक्त भाषिक भेद छुट्याउने प्रमुख विशेषताहरू समावेश गरिएको छ ।

अध्याय तिन :

यस अध्यायमा छबिसेली भाषिक भेद्का शब्दवर्ग तथा वाक्य व्यवस्थामा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिवोधक र निपातका साथै सरल, संयुक्त र मिश्रवाक्य सम्बन्धी तुलनात्मक अध्ययन गरिएको छ ।

अध्याय चार :

यस अध्यायमा छबिसेली भाषिक भेद र मानक नेपाली भाषामा रूपायन व्यवस्थाको तुलनात्मक अध्ययनमा नामका आधारमा, लिङ्ग वचन, आदर, कारक सर्वनामका आधारमा, विशेषणका आधारमा र क्रियाका आधारमा रूपायन व्यवस्थाको अध्ययन गर्नुका साथै काल, पक्ष र भावको समेत अध्ययन गरिएको छ ।

अध्याय पाँच : निष्कर्ष र सुझाव

यस अध्यायमा शोधको निष्कर्ष, सुझाव शैक्षणिक प्रयोजन र सम्भाव्य भावी अध्ययनका पक्षहरू समावेश गरिएको छ ।

पुनश्चः सन्दर्भ सामग्रीका साथै शोधको पूर्व भागमा सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूची र तालिका सूची समावेश गरिएका छन् भने पश्चभागमा विभिन्न परिशिष्टहरू फोटो सहितको व्यक्तिवृत्तलाई समावेश गरिएको छ ।

## अध्याय : दुई

# भाषा र अछामी छबिसेली भाषिक भेदको परिचय

## २.१ भाषाको परिचय

भाषा शब्द संस्कृतको 'भाष्' धातुबाट बनेको हो । जसको शाब्दिक अर्थ बोल्नु भन्नु भन्ने हुन्छ (ढकाल, २०६४:३) । भाषालाई विचार विनिमयको सशक्त र भरपर्दो माध्यम मानिन्छ । विचार विनिमयका तिन तरिकाहरू स्पर्श, सङ्केत र आवाजमध्ये भाषा आवाजसँग सम्बन्धित हुन्छ । भाषा वैज्ञानिक दृष्टिले हेर्दा त्यस्तो आवाज पनि मानवीय उच्चरण अवयवद्वारा उच्चरित सार्थक हुनु पर्दछ । यसरी हेर्दा मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनिहरूको समूह नै भाषा हो ।

प्रत्येक भाषामा शब्द भण्डार, अर्थ व्यवस्था र व्याकरणिक कोटिको अलग अलग व्यवस्था हुने भएकाले भाषालाई यादृच्छिक वाक् प्रतीकको व्यवस्था मानिन्छ । वाक् भनेको बोली हो भने प्रतीक भनेको सङ्केत हो । कथ्य र लेख्य गरी भाषाका दुई रूप हुन्छन् । भाषाको मूल रूप नै कथ्य रूप हो । मानिसले आफ्ना भाव वा विचार व्यक्त गर्न थालेदेखि नै भाषाको विकास हुँदै आएको मानिन्छ । मानव सभ्यताको विकास सँगसँगै भाषाको विकास हुँदै आउने क्रममा भाषामा विविधता देखिएकाले भाषालाई परिवर्तनशील वस्तु मानिन्छ । भाषाको उत्पत्ति, विकास र प्रयोग व्यवहार समाजमै हुने भएकाले भाषालाई सामाजिक वस्तु पनि मानिन्छ । जन्मनुभन्दा पहिले कुनै पनि प्रकारको भाषा नजानेको बालकले उपयुक्त वातावरण पाएमा उनीहरूले जुनसुकै भाषाहरू पनि सिक्न सक्ने भएकाले भाषालाई आर्जित वस्तु पनि मानिन्छ । भाषालाई मानिसले आफ्नो समाज वरिपरिको वातावरणबाट अनुकरण गर्ने भएकाले भाषा अनुकरणीय हुन्छ । यसरी अनुकरणका माध्यमबाट व्यक्तिले एक वा एक भन्दा बढी भाषाको आर्जन गर्न सक्ने भएकोले भाषालाई मानवीय वस्तु समेत मानिन्छ । भाषाको आ-आफ्नै संरचना हुने भएकाले भाषा संस्कृतिमा विविधता पाइन्छ । तसर्थ भाषा भनेको मनको भाव वा विचार अरू समक्ष प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह मान्न सकिन्छ (नेपाली बृहत शब्दकोष, २०४०:९५३) ।

## २.२ नेपाली भाषिकाहरू

नेपाली भाषा खस अपभ्रंशबाट विकसित भारोपेली परिवारको शतम् वर्ग अन्तर्गत पर्ने आर्य इरानेली शाखाबाट विकसित भाषा हो । नेपाली भाषाको उद्गम स्थल जुम्लाको सिँजालाई मानिन्छ । यसको लिखित रूप एघारौ शताब्दीको सुरूमै अस्तित्वमा आएको पाइन्छ । समय, परिस्थितिसँगै भाषा परिवर्तनशील हुन्छ । नेपाली भाषा पनि करिब एक हजार वर्ष भन्दा बढी समयको अन्तराल र व्यापक भौगोलिक विस्तार तथा विकटता अनुरूप परिवर्तन हुदै आएकाले यसमा समय र स्थान अनुरूप प्रशस्त विविधता पाइन्छ । नेपालमा भौगोलिक विविधता सँगै विभिन्न ठाउँहरूमा भाषाको उच्चारण प्रक्रिया शब्द भण्डार, वाक्य गठन, व्याकरण आदिका क्षेत्रमा समेत विविधता पाइन्छ ।

नेपाली भाषाका क्षेत्रमा देखा परेका यस्तै विविध पक्षहरूका आधारमा विभिन्न भाषिकाहरूको निर्धारण गर्ने कार्य विभिन्न भाषाविद् विद्वानहरूले निम्नानुसार गरेका छन् :

**सूर्य विक्रम ज्ञवाली** (वि.स.१९९०, पृ.१८-१९) पूर्वी, (धनकुटा र इलाम) केन्द्रीय (पूर्वी नेपाल, गोर्खा र काठमाडौं), मादी (बुढीगण्डकी क्षेत्र) र पश्चिमी (जुम्ला, डोटी र अछाम)
**बालकृष्ण पोखरेल** (वि.सं.२०३१, पृ.४१-४२) पुर्बेली, माझाली, ओर पच्छिमा, मझपच्छिमा र पर पच्छिमा)

**ज्ञानेश्वर निरौला** (वि.सं.५०५१) (दार्चुलाली, बैतडेली, डडेल्धुराली, बझाङ्गी, डोट्याली बाजुराली, अछामी, जुम्ली, सिँजाली, दैलेख जाजरकोटी, भेरी क्षेत्रीय, गण्डकेली र पुर्बेली)

**यमनाथ तिमिल्सैना** (वि.सं.२०५१) : (पुर्बेली, जुम्ली, हुम्ली, जाजरकोटे, अछामी, बझाङ्गी, दार्चुला, बैतडेली, डोटी, दडेल्धुराली)

**मोहन राज शर्मा र कृष्णहरि बराल** (वि.सं.२०५१) : सुदूर पश्चिमेली, मध्य पश्चिमेली, पश्चिमेली, केन्द्रीय र पुर्बेली)

यसरी माथि उल्लेखित भाषाविद्हरूका विचार तथा उनले गरेका वर्गीकरणमध्ये बालकृष्ण पोखरेलले गरेको वर्गीकरणलाई हालसम्मकै आधिकारिक भाषा वर्गीकरण मानिएको छ पोखरेलले आफ्नो वर्गीकरणमा नेपाली भाषाका भाषिकाहरूको क्षेत्र निर्धारण गर्ने, क्षेत्रगत विशेषताहरूको चर्चा

गर्ने र उपभाषिकाहरू निर्धारण गर्ने कार्य गरेकाले बढी विश्वसनीय र भरपर्दो मानिन्छ । उनको वर्गीकरणका भाषिकाको केही सङ्क्षिप्त चर्चा निम्नानुसार गरिन्छ :

### २.२.१ पुर्बेली

नेपाली भाषा भित्रको पुर्बेली भाषिका नेपालमा सबैभन्दा बढी भाषिक वक्ताले बोल्ने व्यापक क्षेत्र ओगटेको भाषिका हो । यस भाषिका अन्तर्गत पश्चिमको दैलेख, जाजरकोट र सल्यानदेखि पूर्वमा इलाम हुँदै भारतका दार्जिलिङ्ग आसाम, मेघालय, भुटान र बर्मासम्मको क्षेत्रमा बोलिने भाषिकाहरू पर्दछन् । यस भाषिका अन्तर्गत खसानी, पर्वती र गोर्खाली गरी तिन वटा उपभाषिकाहरू पर्दछन् । गोर्खाली उपभाषिकालाई मानक नेपालीको नजिकको रूप मानिन्छ ।

### २.२.२ माझाली

यस भाषिकाको प्रभाव क्षेत्र अन्तर्गत नेपालको कर्णाली अञ्चलका जुम्ला,मुगु, कालिकोट, हुम्ला र डोल्पा जिल्ला पर्दछन् । प्राचीन नेपाली भाषाको उद्गम स्थल जुम्लाको सिँजा भएकाले पनि यहाँको भाषिकालाई जुम्ली वा सिँजाली भाषिका समेत भनिन्छ । यस भाषिकामा सिँजाली हुम्ली, रास्कोटी, डोल्पाली र तिब्रीकोटी जस्ता भेदहरू पाइन्छन् । यस भाषिकामा (कइको-कसको, उइको-उसको, चल्लो-चरो, मान्छे-माइस/मान्ठ, दि-दिदी आदि जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ ।

### २.२.३ ओर पच्छिमा

नेपालको सुदूरपश्चिमको सेरोफेरो अन्तर्गत अछाम, बाजुरा र बझाङ अन्तर्गत बोलिने भाषिक भेदलाई ओर पच्छिमा भाषिका भनिन्छ । ओर पच्छिमा अन्तर्गत बझाडी, बाजुरेली, छबिसेली, बाह्रबिसे, आठबिसेली आदि उप भाषिकाहरू पाइन्छन् । अझै गहिरो रूपमा यस भाषिकाको अध्ययन गर्ने हो भने यस अन्तर्गत अन्य भाषिक भेदहरू पाइन सक्छन् । यस भाषिका अन्तर्गतका भाषाहरू माझाली भाषिकाका साथै मझ पश्चिमा, पर-पश्चिमा र पुर्बेलीसँग पनि मिल्दाजुल्दा रहेको मान्न सकिन्छ । स्तरीय नेपाली भन्दा केही मौलिक शब्दहरू भएको यो भाषिका उच्चारण, वाक्य गठन र व्याकरणका दृष्टिले पनि भिन्न देखिन्छन् । यिनै मध्य छबिसेली भाषिकामा अकरण जनाउन, छैनलाई अच्छिन तथा जाऔला खाऔला जस्ता सम्भावनालाई जनाउन जाउँली, खाउँलीको प्रयोग भएको पाइन्छ ।

### २.२.४ मझपच्छिमा

सुदूरपश्चिमको डोटीको चौखुट्या पर्वतदेखि पश्चिम डोटी डडेल्धुरा, कैलाली, कञ्चनपुर जिल्लाको सेरोफेरोमा बोलिने नेपाली भाषाको क्षेत्रीय भेदलाई मझपच्छिमा भाषिका भनिन्छ । यस भाषिकामा डोटेली, निरौली डडेल्धुराली र डुम्राकोटी उपभेदहरू पाइन्छन् । यस भाषिकामा स्तरीय नेपालीमा धातुमा 'एर' प्रत्यय जोडिने ठाउँमा 'वर' प्रत्यय थपिएर जस्तो खाएर-खाइवर देखेर-देखिवर जस्ता शब्दहरू बन्दछन् । त्यस्तै यस भाषिकामा स्तरीय नेपाली भन्दा केही भिन्नै विशेषताहरू पनि पाइन्छन् । जसमा अकरण बनाउदा शब्दको अघिल्तिर नै थपिन्छ । जस्तै : नैथिन, नैहो, आदि ।


### २.२.५ परपच्छिमा

नेपालको सुदूरपश्चिमकै बैतडी र दार्चुलाका विभिन्न भेगमा बोलिने बैतडेली, दुहेली, मार्माली, लेकमेली, चुहागढी पुर्चौडी, मेलौली, मल्लो सोराढ र तल्लो सोराढ जस्ता भेद उपभेद भएको नेपाली भाषाको क्षेत्रीय भेदलाई परपच्छिमा भाषिका भनिन्छ । यस भाषिकामा न को ठाउँमा ण को प्रयोग भएको पाइन्छ । जस्तै भनेर - भणीवर आदि यस प्रकार यो भाषिका शब्द भण्डार उच्चारण र व्याकरणका दृष्टिले स्तरीय नेपाली भन्दा भिन्न देखिन्छ ।

यसरी उपयुक्त विवरण हेर्दा नेपाली भाषाका पाँचवटा भाषिकाहरू रहेको पाइन्छ । हालसम्म नेपाली भाषाको अवस्थाको वारे सम्बन्धित पक्षबाट कुनै पनि अध्ययन अनुसन्धानको पहलकदमी नभइरहेको अवस्थामा व्यक्तिगत क्षेत्रबाट भए गरेका विभिन्न खोज अनुसन्धान र त्यसबाट प्राप्त आधारहरू मात्र त्यति स्पष्ट र पूर्ण नहुन सक्छन्, तर पनि वर्तमान समयसम्म सरकारी तवरबाट नेपाली भाषा तथा भाषिकाको बारेमा गहन अध्ययन हुन नसकेकोले हालसम्मका अध्ययन वर्गीकरणहरू मध्ये बालकृष्ण पोखरेलको भाषा सम्बन्धी वर्गीकरणलाई नै भरपर्दो र विश्वसनीय आधार मान्न सकिन्छ ।

## २.३ अछामी भाषिकाको परिचय

अछाम क्षेत्रमा बोलिने नेपाली भाषाको भेदलाई अछामी भाषिका मानिएको हो । अछामी भाषिका नेपालमा बोलिने भारोपेली परिवारको नेपाली भाषाको ओर पच्छिमा वर्ग अन्तर्गत पर्दछ । भाषाविद् बालकृष्ण पोखरेलका अनुसार अछामी भाषिकालाई निम्नानुसार देखाउन सकिन्छ ।




भाषाविद् बालकृष्ण पोखरेलका अनुसार नेपाली भाषाको ओर पच्छिमा भाषिकाको अछामी उपभाषिका हो (पोखरेल, २०३३ : ४४) । राजाराम सुवेदीका अनुसार “अछाम जिल्लामा बोलिने लवज प्राचीन प्राकृत खस भाषाकै एउटा शाखा मानिन्छ । त्यस भाषामा अछामीपन मिलाएर छुट्टै भाषिका चलन चल्तीमा ल्याई बोलिएको पाइन्छ । तेज प्रकाश श्रेष्ठले भने अछामी भाषिकालाई डोटेली भाषिकाको उपभाषिका भनेर चिनाएका छन् (श्रेष्ठ, २०४४ : १४) । जुन कुरा त्रुटिपूर्ण देखिन्छ । बोधगम्यता र विशेषताका आधारमा अध्ययन गर्ने हो भने यी दुईमा ठूलो अन्तर पइन्छ । यस कुराको प्रमाणको रूपमा बालकृष्ण पोखरेलको अध्ययनलाई पनि लिन सकिन्छ । यमनाथ तिमिल्सैनाले यसको नाम अछामी, बझाङी भाषिका राखेर बझाङीलाई पनि यसै अन्तर्गत समेटेका छन् । जसमा उनले स्तरीय नेपालीसँग अछामी, बझाङीको तुलना गरेका छन् (तिमिल्सैना, २०५०:२६) । उनले पूर्वमा जुगार डाँडा, बुढी गङ्गा, कैलाश खोलाको सिरान हुदै कर्णाली नदी र उत्तरमा हुम्ला कर्णाली, र सैपाल हिमाललाई अछामी बझाङी भाषिकाको क्षेत्र नामाकरण गरी छुट्याएर अध्ययन गरेका छन् । उनका अनुसार कर्णाली नदी र लामा बगर भन्दा पश्चिम लामा बगर र बुढी गङ्गादेखि दक्षिण बुढी गङ्गाले छिनेको भाग र बुढी गङ्गाकै दोभान सेती नदी भन्दा पूर्व र सेती नदीले छिनेको क्षेत्र हुदै सेती र कर्णालीको दोभान भन्दा उत्तरको भूभाग नै अछामी भाषिकाको प्रमुख थलो हो (निरौला, २०५१:४१) ।

विभिन्न अध्ययन अनुसन्धान र  शोध खोजबाट पनि के स्पष्ट हुन्छ भने नेपालको सुदूरपश्चिममा बोलिने अछामी भाषिका नेपाली भाषाकै एउटा भाषिक भेद हो भन्ने कुरा स्पष्ट छ । अछामी भाषिकाको बारेमा विभिन्न मत मातन्तरहरू पाइए पनि यसको व्यापक खोज अनुसन्धान भने अझै पनि भएको पाइँदैन । अछामी भाषिकाको गहिरो अध्ययन गर्ने हो, भने यस भित्र विभिन्न उपभेदहरू पनि रहेका पाइन्छन् । खगेन्द्र प्रसाद उपाध्यायले "अछाममा प्रचलित भाषाभित्रै पनि विभिन्न भेदहरू देखाएका छन् । अछामको एउटा ठाउँमा बस्ने मानिसले बोलेको भाषा अर्को ठाउँमा बस्ने मानिसलाई बुझ्न कठिन हुन्छ । भाषिक विविधताका आधारमा अछाम जिल्लाका ७५ वटा गा.वि.स.हरू नौ वटा दरामा विभाजित छन् । **छबिस दरामा** (भाटाकाटीयाँ, रामारोसन बाटुलासेन, सान्तडा, चाफामाडौ र सुतार) **आठसय दरामा** (बैद्यनाथ, पायल, लुङग्रा, सिउडी, सोकोट, मार्कु, जाल्पादेवी, दुनी, पातलकोट, बुढाकोट, सिद्देश्वर घुँघुरकोट, देवीस्थान खप्तड र बावला) **आठ बिसदरा** (तिमिल्सैन, कालिका र दर्ना) **नौबिस दरा** (मंगलसैन) **पन्ध्रबिस दरा** (नन्देगडा, नवाठाना, मस्टामाडौं, बिन्देवासिनी, षोडसादेवी, कुस्कोट, हात्तीकोट, ऋषिदह र ठाँटी) **पाँचसय दरा** (रिडीकोट, भागेश्वर, चण्डिका, जनालीकोट, गाज्रा, वर्तादेवी), **सातसय दरा** (कालागाउँ, बान्नातोली, जुपु, वलीगाउँ, जनाली बन्डाली, वीरपथ, कुन्ती बन्डाली र बस्ती) **मल्लो भैसोल्या**, (कालेकाँडा, बारला, पुल्लेतोला, तोली, लयाँटी, कालिकास्थान, विनायक, कुइका, चाल्सा, बयला, धमाली, मुली, तोसी रानीवन तुर्माखाद, भैरवस्थान र रहफ) **तल्लो भैसोल्या**, (नाडा ढुङ्गाचाल्ला, ढकारी, हिच्मा, बलाता, घोडासैन, मस्टाबन्डाली सेरा र ढाँकु) (सुवेदी, २०५८ : ३४५) ।

नेपाली भाषा सम्बन्धी भएका विभिन्न अध्ययन अनुसन्धानहरूलाई हेर्ने हो भने नेपाली भाषाको मूलथलो खसान क्षेत्र वा कर्णाली प्रदेश नै मानिन्छ । राजाराम सुवेदीका अनुसार अछाम र अछामी भाषाको सम्बन्ध प्राचीन खसहरूको इतिहाससँग गाँसिन पुगेको छ । अछाम क्षेत्र तत्कालीन खसहरूको जुम्ला प्रवेश गर्ने र जुम्लाबाट पूर्वतिर छिर्ने छोटो मार्ग र मुख्य केन्द्र थियो भन्ने मान्यता छ । खस सभ्यतालाई पुष्टि गर्ने ऐतिहासिक र पुरातात्त्विक आधारहरू अछाममा फेला परेका छन् (सुवेदी, २०५८:१३०) । यसरी हेर्दा वर्तमान मानक नेपाली भाषा र छबिसेली अछामी भाषिकाका बिच असमानता भन्दा समानता नै बढी रहेको देखिन्छ । अछामी भाषिकाको व्यापक अध्ययन भने हालसम्म पनि भएको पाइँदैन । नेपाली भाषाको अध्ययन गर्ने क्रममा अछामी भाषिकाको पनि केही न केही अध्ययन भएको पाइन्छ । अध्ययनमा कसैले भाषिकाको रूपमा त कसैले उपभाषिकाको रूपमा यसलाई चिनाएका छन् । बालकृष्ण पोखरेलले 'राष्ट्र भाषा' (२०३१) मा अछामी भाषिकालाई

उपभाषिकाको रूपमा लिएर सामान्य खोजी गरेका छन् भने पूर्ण प्रकाश नेपाल 'यात्री'ले सेतीका तारा (२०३४) मा अछाममा हालसम्म भेटिएका ऐतिहासिक शिलालेखहरूको सूची भनेर अछाम विनायकको देवलामा टङ्कित शाके १२०२ को राजा अक्षय मल्लको अभिलेख, अछाम जयगढको शिलालेख, अछाम दर्ना देवलको शिलालेख, अछाम कुच्ची कालिका नौला देवलमा टङ्कित शाके १२७६ को राज पृथ्वी मल्लको अभिलेख, घोडासैन नेटाको शिलालेख, कवाल्लेकको शिला लेख र अछाम श्रीकोट भग्नावशेषमा उत्कीर्ण शिलालेखहरूको उल्लेख गरेका छन् । त्यस्तै राजराम सुवेदीले 'अछामको इतिहास' (२०५८) को परिशिष्ट भागमा अछाममा प्राप्त ६९ वटा ऐतिहासिक पत्रहरूको प्रकाशित गरेका छन् । त्यस्तै अछामी भाषिकामा विभिन्न भाषाविद्हरूको उपस्थिति देखिन्छ, जसमा यमनाथ तिमिल्सैना, हर्कबहादुर शाही (२०५५) चूडामाणि बन्धु, राम विक्रम सिँजापती, मोहन राज शर्मा, कृष्णहरि बराल, तेज प्रसाद श्रेष्ठ, स्व. पहलमानसिंह स्वार आदिको महत्त्वपूर्ण योगदान रहको पाइन्छ । स्व. पहलमान सिंह स्वारले (वि.स.१९७५) सालमा लेखेको 'लालुभागा' अछामी भाषिकाको नाटक (२०३३) प्रकाशित भएको पाइन्छ । त्यस्तै 'रामारसुनको रामे' शीर्षकको उपन्यास र मथुराप्रसादको 'रूजेको कमिज' काव्य पनि अछामी भाषिकामै लेखिएका पाइन्छन् । त्यस्तै हर्ष प्रसाद भट्टको 'तुर्माखाँद देखि चौखुट्या सम्म' गीतिकाव्य पनि अछामी भाषामै प्रकाशित भएको पाइन्छ । यस्ता कृतिहरूले अछामी भाषिकाको खोज अनुसन्धानमा महत्त्वपूर्ण योगदान त पुऱ्याएको छनै, अझै यस क्षेत्रमा भाषिकाको गहिरो अध्ययन हुन जरूरी देखिन्छ ।

## २.४ छबिसेली भाषिक भेद बोलिने क्षेत्र र वक्ताहरू

नेपालको प्रमुख सम्पर्क एवम् राष्ट्र भाषा नेपाली भाषा भए पनि यहाँ विभिन्न भाषिकाहरू बोलिन्छन् । यस्तै अछाम क्षेत्रमा बोलिने नेपाली भाषामा छबिसेली भाषिकालाई समेत एक भेद मानिएको छ (सुवेदी, २०५८ : २६) । भौगोलिक क्षेत्रका आधारमा नेपाल विविधता युक्त राष्ट्र हो । जसमा अछाम जिल्ला त्यसमा छबिसेली भाषिकाको प्रभावयुक्त क्षेत्र छबिस दरा पहाडी जिल्ला भित्रको अति बिकट भौगोलिक कठिनाइ भएको क्षेत्र हो । अछामी भाषिका त्यसमा पनि छबिसेली भाषिकाको प्रभाव क्षेत्र छबिसको नामकरणको सन्दर्भलाई यहाँ स्पष्ट पार्न आवश्यक मानिन्छ । त्यस भन्दा पहिले अछाम जिल्लाको नामकरण सम्बन्धमा विद्यमान मान्यतातर्फ फर्किनु पर्ने आवश्यकता अनुसार अछामी राज्यको प्रारम्भिक राजधानी सेराबुढी थुर्पाबाट तलतिर बगेको पास्तोली गाडको पूर्वपट्टि तीनवटा पानीका छहरा खसेका छन् । यी तीनवटा छहरालाई प्राचीन कालमा असाम्बु

भनिन्थ्यो । यही असाम्बु शब्द बिस्तारै असाम्ब अच्छाम्ब अछाम्व भएर 'अछाम' भएको मान्यता रहदै आएको छ (अधिकारी र भट्टराई, २०६२:५१४-५१५) । त्यस्तै अछाम जिल्लाको नामाकरणका सन्दर्भमा प्राप्त (अन्य प्रमाणहरूमा) विभिन्न किंवदन्तीहरू भए पनि पछिल्लो प्रमाणका रूपमा राजकुमार अक्षय मल्ल एक धर्मात्मा भएकाले अछाम भर नाउला मुङ्ग्राहरू निर्माण गर्न लगाएका र राजकाज त्याग गरी महन्त वा भिक्षु भई तिब्बततिर लागेकाले उनकै सम्झनामा यस क्षेत्रलाई अक्षय मल्ल भूमी भन्न थाले पछि अक्षयम हुदै अछाम हुन गएको कुरा उल्लेख छ (राजाराम सुवेदी, २०५८ : २८) । प्राचीन कालमा 'नौखुवाको' नामबाट प्रख्यात अछाम ससाना राज्यहरू बनाई नौ खण्डमा विभाजित थियो । त्यस ताका शासकहरूले शासनका नाममा प्रत्येक ठाउँबाट सरकारी कर उठाउने नाममा ठाउँ ठाउँबाट रकम उठाउने गर्दथ्ये । जस क्रममा अछामका विभिन्न ठाउँहरूबाट फरक फरक रकम उठ्ने गर्दथ्यो । यस क्षेत्रमा जम्मा १२० रूपैया अथवा छ बिस्सी रूपैया मात्र उठेकाले त्यस ताका यस क्षेत्रको नाम तिरो (कर) उठेका रकमलाई आधार बनाई छबिस दरा राखिएको भन्ने मान्यता रहदै आएकोछ । यसै आधारमा नामाकरण गरिएका अन्य क्षेत्रहरूमा, आठबीस दरा, सातासय दरा, पन्ध्रबीस दरा, नवबीस दरा जस्ता ठाउँहरू पनि रहेका छन् ।

यसरी प्रस्तुत शोधको अध्ययन क्षेत्र छबिस दरा अन्तर्गत पर्ने रामासेसन, भाटाकाटीयाँ, वाटुलासेन, सान्तडा, सुतार र चाफामाण्डौ गाविसहरू रहेका छन् । अछाम जिल्लाको सिमाना जसरी पूर्वमा दैलेख र कालिकोट, पश्चिममा डोटी उत्तरमा बाजुरा र बझाङ तथा दक्षीणमा सुर्खेतसँग जोडिएको छ । छबिस दराको सिमाना पूर्वमा कालिकाकोट जिल्लासँग नजिक रहेकाले यहाँका भाषिक वक्ताहरूमा कालिकोटेली भाषिकाको समेत प्रभाव भेटिन्छ । यस्तै प्राकृतिक एवम् वातावरणीय दृष्टिले हेर्दा अछाम जिल्लाको पर्यटकीय एवम् धार्मिक क्षेत्र रामारोशन (ताल) क्षेत्र त्यहाँका विभिन्न तालहरू एवम् प्रतिष्ठित नदाइ धाम धार्मिक क्षेत्र र सुन्दर पाटन क्षेत्र समेत यसै भाषिक क्षेत्र भित्र पर्दछन् । यस्तै अछाम जिल्ला भित्रै उद्गम स्थल भएको कैलाश खोलाको उद्गम स्थल समेत यही क्षेत्रमा पर्दछ । प्राकृतिक, वातावरणीय भौगोलिक विविधता भएको यस क्षेत्रमा विभिन्न थरीका फलफूल, जडीबुटी, पशुपन्छी र वनस्पति भेटिनुले पनि यस छबिस दरालाई अछाम जिल्लाकै एक प्रसिद्ध एवम् समृद्ध क्षेत्र मानिन्छ । त्यसै गरी समान धर्म, रहनसहन तथा एकै प्रकारको सामाजिक व्यवस्था अँगालेर साझा उद्देश्यका साथ सङ्गठित एवम् एउटै ठाउँमा वसोवास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । त्यस्तै सामाजिक रूपमा गरिने विभिन्न साझा व्यवहार एवम् क्रियाकलापको समष्टि रूप नै संस्कृति हो । अछाम जिल्लामा आफ्नै खालका विभिन्न

समाज अनुसार भाषा, धर्म, वर्ग, जाति, पेशाका साथै विभिन्न सांस्कृतिक चाड, पर्व, रीतिरिवाज रहेका पाउन सकिन्छ । खास गरी अछाम जिल्ला त्यसमा पनि छबिस दराको, सामाजिक सांस्कृतिक संरचनाको अध्ययन गर्दा त्यहाँका जातजाति, भाषा, भेशभुषा, रहनसहन, चालचलन, चाडपर्व आदिलाई केलाउन जरूरी हुन्छ । झन्डै चालिस हजारको हाराहारीमा जनसङ्ख्या भएको यस क्षेत्रका ग्रामीण बस्तीहरू प्राय : एकनास रहेको पाउन सकिन्छ । आफ्नै परम्परागत कृषि व्यवसायमा आधारित क्रियाकलापका बाहेक विभिन्न घरेलु सिपमा आधारित डोका, नाम्लाका साथै भेडाबाखाका ऊनबाट घरेलु लुगा फेऱ्या कम्बलका साथै घरेलुका सामानहरू स्थानीय स्तरमै निर्माण गरी प्रयोग गर्नु यहाँका मानिसहरूको विशेषता हो । खानपिनमा आफ्नै विभिन्न स्थानीय खानाका परिकारहरू रहे पनि दाल, भात, रोटी यहाँको मुख्य खाना हो । त्यस्तै अन्य चाडपर्व दसैं तिहारका साथै अन्य वेला वनाएर खाने सेलरोटी-(बावर) पुणी (लाउन) चामलको रोटी, मासको परिकार दुधको परिकार (भस्सी रोटो, माडा, फाडो, खीर) का साथै सिकार गर्नु कन्दमूल समेतका परिकारहरू यहाँका मानिसहरू खानाका रूपमा प्रयोग गर्दछन् ।

छबिस दरामा सांस्कृतिक रूपमा दसैं तिहारमा विभिन्न खाने परिकारहरू बनाइनुका साथै राँगा, बोकाहरूको बली दिने व्यवस्थाका साथै पुतला, होली, भुवो, देउडा खेल, भारी खेल आदि यहाँका आकर्षक मौलिक सांस्कृतिक पक्षहरू हुन् । त्यस्तै यहाँ संस्कृतिको नाममा अशिक्षाका कारण छाउपडी प्रथा, जातीय छुवाछुत, धामी झाँक्री, बोक्सी जस्ता गलत मान्यताहरूले पनि स्थान पाउदै आइ रहेका छन् । यसरी यी विभिन्न राम्रा नराम्रा सांस्कृतिक पहिचान बोकेको यस क्षेत्रमा ब्राह्मण, ठकुरी, साउँद, रोकाया, बोहरा, बुढा, भण्डारी, कामी, दमाई, मगर, रावल, खत्री, बिष्ट, न्यौपाने, सिंह, देवकोटा, खड्का आदि जातिका मानिसहरूको बसोबास रहको पाइन्छ । अछामी भाषिकाको भाषिक उपभेदका रूपमा साहित्यमा बढी समृद्ध छ । यस प्रकार छबिस दराको सामाजिक सांस्कृतिक संरचना स्वाभाबिक ढंगले मौलिक एवम् भाषाविकासका लागि महत्त्वपूर्ण आधार भए पनि आज सम्म यसको विकासका लागि कुनै महत्त्वपूर्ण खोज हुन नसक्नु आफैमा दुःख लाग्दो कुरा समेत रहेको मान्न सकिन्छ । साथै अछाम त्यसमा पनि छबिस दराको सामाजिक, सांस्कृतिक संरचना कतिपय किसिमले महत्त्वपूर्ण रहे पनि धार्मिक अन्धविश्वासले कतिपय अवस्थामा सामाजिक सांस्कृतिक संरचना कठोर वा दुःखदायीपूर्ण समेत रहेको मान्न सकिन्छ । त्यसै गरी नेपाल एक बहुजातीय, बहुभाषिक तथा बहु सांस्कृतिक विविधता भएको देश हुनुले पनि भौगोलिक विकटता सामाजिक सम्पर्कको अभाव जस्ता कारणले समाजमा एउटै भाषा भित्र पनि भाषिक अन्तर

देखिन्छ । यस्ता सामाजिक भाषिकामा उच्चारण व्यवहार व्याकरण र शब्दभण्डारमा विभिन्नता देखिन्छ । छबिस क्षेत्रमा पनि विभिन्न जातजाती लिङ्ग, पेसा, स्तर, वर्ग, आदिका मानिसहरूको बसोबास भएको पाइन्छ । पछिल्लो क्रममा शिक्षित परिवार र उच्च वर्गका परिवारमा केही स्तरीय भाषिक व्यवहार रहनसहन, खानपान र भेषभूषा रहे पनि अन्य मानिसहरूमा यहाँको परम्परागत रहनसहन, मूल्यमान्यता भाषिक व्यवहार जस्ता कुराहरू अहिले पनि भेटिनुले यस क्षेत्र भित्र पेसा र वर्गका आधारमा भाषिक सामाजिक व्यवहारमा अन्तर देखिनुले फरक सामाजिक, भाषिक भेदको प्रभाव देखिन्छ ।

### २.५ छबिसेली भाषिक भेदको परिचय

अछाम जिल्लाको छबिस दरामा बोलिने भाषाको स्थानीय भेदलाई छबिसेली भाषिक भेद भनिन्छ । छबिसेली भाषिक भेदको बारेमा हालसम्म कसैले पनि अध्ययन अनुसन्धान गरेको पाइँदैन् । भाषाशास्त्री बालकृष्ण पोखरेलद्वारा अछाम जिल्लामा बोलिने भाषिकाहरू ओरपच्छिमा वर्गमा पर्ने कुरा उल्लेख गरिएको छ । पोखरेलद्वारा उल्लेखित ओरपच्छिमा वर्गका भाषिकाहरू मध्ये छबिसेली भाषिका क्षेत्रगत हिसाबले माझाली वर्गमा पर्ने कर्णाली अञ्चलमा बोलिने रास्कोटी भाषिका भित्रको लालूलोखाडाको भाषिक उपभेदसँग केही रूपमा निकट देखिन्छ । त्यस्तै ओरपच्छिमा वर्ग अन्तरगतकै अछाम जिल्ला भित्र बोलिने आठबिसेली भाषिकाको समेत यो भाषिका निकट देखिन्छ । स्तरीय नेपाली भाषा र अछामी छबिसेली भाषिकाका बिच देखिने अन्तर वस्तुलाई शब्दभण्डार र वाक्यगठनका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ :

| नेपाली | छबिसेली |
|---|---|
| मानिस | माइस |
| प्रसस्त | अम्तो (भौती) |
| धेरै | मइथै (झिक्क) |
| विरामी | मुदौडो |
| म | मु |
| तपाई | तुमी |
| केटी | छोऱ्याट्टी |
| आइमाई | बैकिनी |

| | |
|---|---|
| लोग्ने | बैकान |
| माथि | हप्र (मुथि) |
| बेलुका | बाहाछाकि |
| बिहान | छकाल |
| सुत्नु | सैरनु (सिनु) |
| छोरो | गेल (फल्यौटो) |
| हवाइजहाज | चिलगाडी |
| अमिलो | चुकिलो |
| सूर्य | बेल (सुर्जे) |
| पेट | लादो |

म भात खान्छु = मु भात खाँदो छु ।

रेडियामा समाचार आउँछ । = रिडियाउँडो खबर आउँदो छ ।

माथिका उदाहरणबाट स्पष्ट हुन्छ कि छबिसेली भाषिक भेद र स्तरीय नेपाली भाषा प्रयोगकर्ताका बिच तुलना गर्दा कतिपय शब्दहरू एकअर्का भाषा प्रयोगकर्ताहरूले बुझ्न नसक्ने परिस्थिति देखिन्छ । जस्तो :नेपाली भाषा प्रयोगकर्ताले सुत्नुलाई सैरनु (सिनु) भनेमा नबुझ्न सक्छन् । यसर्थ पनि छबिसेली भाषिकालाई एक भाषिक उपभेद मानिन्छ ।

## २.६ छबिसेली भाषिक भेद छुट्याउने प्रमुख विशेषताहरू

नेपाली भाषाको ओरपच्छिमा वर्ग अन्तर्गत पर्ने अछाम जिल्लाको छबिस दरामा बोलिने अछामी भाषिकामा शब्द भण्डार, क्रियापद, सर्वनाम, वचन, आदर, करण, अकरण, सम्भावनार्थ, अव्ययपद आदिका क्षेत्रमा नेपाली भाषा भन्दा केही भिन्न विशेषताहरू पाइन्छन् । जसलाई बुँदागत रूपमा यसरी तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

| छबिसेली | नेपाली | छबिसेली | नेपाली |
|---|---|---|---|
| डाङ्दार | डाक्टर | झिक्कै/मस्तै | धेरै/थुप्रै |
| मुथी/हप | माथि | मान्छया | मानिस |

| | | | |
|---|---|---|---|
| राम्डो | राम्रो | बाहाछाकि | वेलुका |
| बैकिनी | आइमाई | सिकार | मासु |
| डाक्नु | बोलाउनु | कुडा | कुरा |
| गुलियो | मिठो | औतार | अनुहार |
| तिच्छडो | तितो | तेर | तेह्र |
| छियाँ | थिए | छियौं | थियौं |
| उइको | उसको | त्यइको | त्यसको |
| यइको | यसको | बेलि | हिजो |
| दियाको | दिएको | पुडाबस्स | पछिल्लो वर्ष |
| वापछि | अनि | अच्छिन | छैन |

त्यस्तै अन्य आधारमा छबिसेली भाषिक भेदका प्रमुख विशेषताहरू निम्नलिखित रहेका छन् :

१. उच्चारण प्रक्रियाको अध्ययन गर्दा स्तरीय नेपालीमा लेख्य वर्गमा सीमित 'ण' वर्ण छबिसेलीमा कथ्य र लेख्य दुबैमा पाइन्छ। जस्तै : राम्णो, चाम्णो, बीण

२. भूतकालीन क्रियापदमा 'छ' का रूप 'थि' मा परिवर्तन नभई 'छि' नै रहन्छन्। जस्तै : छियाँ > थिए, छियौ > थियौ, छि > थिइस, छियो > थियो, छिन > थिइन्

३. बहुवचन जनाउँदा 'हरू' प्रत्यय जोडिदैन विशेषण र क्रियापदबाट नै बहुवचन बुझिन्छ। जस्तै :

रूख भाग्यो। > रूख भाँचियो।

रूख भाग्या। > रूखहरू भाँचिए।

४. स्तरीय नेपालीका अव्यय शब्दहरू जनाउन केही भिन्न शब्दहरू छन् :

बेलि > हिजो

हप्र > माथि

पुडो > उता

ओडो > यता

५. रेफभन्दा पर कवर्ग, तवर्ग, पवर्ग र लभएमा रेफको समीभवन भएको देखिन्छ। जस्तैः

अक्को > अर्को

मन्नु > मर्नु

हाम्मो > हाम्रो

तुम्मो > तपाइको

६. गर्नु क्रिया हन्नुमा परिणत हुन्छ । जस्तैः

काम हन्नु पड्डो छ । > काम गर्नुपर्छ ।

## २.७. सारांश

अछाम जिल्ला नेपालका ७५ वटै जिल्ला मध्ये दुर्गम जिल्लाको रूपमा चिनिने सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जिल्ला हो । राज्यको मूल प्रवाहबाट टाढै रहेको यो जिल्लामा भौगोलिक कठिनाइ र अन्य समस्याहरू भए पनि प्राकृतिक दृष्टिकोणले प्रगतिको प्रचुर सम्भावना बोकेको जिल्लाको रूपमा समेत यसलाई लिन सकिन्छ । यसरी भौगोलिक विकटताका साथै विविध सांस्कृतिक एवम् भाषिक दृष्टिकोणले पनि आफ्नै छुट्टै पहिचान बोकेको छबिस क्षेत्र अछामी भाषिका भित्रको महत्त्वपूर्ण उपभेद छबिसेली भाषिकाको प्रभाव क्षेत्र हो । यहाँको विकासमा थुप्रै सम्भावना बोकेको प्राकृतिक स्रोत साधन र पर्यटकीय क्षेत्रको विकास तथा भाषा संस्कृतिको प्रचार प्रसार गर्न सके छबिसेली भाषिकाले थप परिचित हुने अवसर प्राप्त गर्न सक्ने कुरामा कुनै दुई मत छैन । साथै छबिसेली भाषिका अछामी भाषिकाको एउटा उपभेद भएकाले क्षेत्रीय भाषाको रूपमा अछामी भाषाको विकास भएमा छबिसेली उप भाषिकाको स्वतः शब्दभण्डार तथा भाषिक व्यवहार बढ्नुका साथै यही भाषामा विभिन्न लेख रचनाहरूको प्रकाशन र विकास हुन सक्ने कुरामा समेत विश्वास गर्न सकिन्छ । भाषा प्रयोगको आधारमा माथि विशेषताहरूमा उल्लेख भएका शब्दहरू जस्तै मुथी/हप = माथि, राम्डो = राम्रो, बैकिनी = आइमाई, उइको = उसको, बेली = हिजो, अच्छिन = छैन, वापछि = अनि आदि शब्दहरूले यस भाषिकाको मौलिक पनलाई अझै स्पष्ट पार्ने काम गरेको छ ।

# अध्याय : तिन

# छबिसेली भाषिक भेदका शब्दवर्ग तथा वाक्य व्यवस्था

## शब्दवर्ग

प्रत्येक भाषामा वस्तु घटना र भावलाई जनाउने शब्दहरू हुन्छन् ती शब्दहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ (ढकाल, २०६६: १५२) । शब्दलाई विभिन्न वर्गमा छुट्याउने भिन्न-भिन्न दृष्टिकोण नै शब्द वर्गीकरणका आधार हुन् । डा.हेमाङ्गराज अधिकारीका अनुसार :

- शब्द
  - कोशीय आधार
    - नाम
    - विशेषण
    - क्रिया
    - क्रियायोगी
  - संरचनात्मक
    - सर्वनाम
    - नामयोगी
    - संयोजक
    - विस्मयादिबोधक

त्यस्तै कार्यात्मक आधारमा शब्दहरूको वर्गीकरण यसरी गरिन्छ :

- शब्द
  - नामवर्ग (नाम, सर्वनाम र विशेषण)
  - क्रियावर्ग (क्रियाका सबै रूप)
  - अव्ययवर्ग (क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक)

नेपाली भाषाको ओरपच्छिमा वर्ग अन्तर्गत पर्ने अछाम जिल्लाको छबिस दरामा बोलिने छबिसेली भाषिक भेदमा शब्दभण्डार, क्रियापद, नाम, सर्वनाम, बचन, आदर, अव्यय पद, अकरण, सम्भावनार्थ आदिका क्षेत्रमा नेपाली भाषा भन्दा केही भिन्न प्रयोग भएको पाइन्छ ।

अभिव्यक्ति वा बोलीको सबैभन्दा सानो एकाइलाई वाक्य भनिन्छ । वाक्यमा सार्थक शब्दहरूको निश्चित क्रम र स्वीकार्य अर्थ हुन्छ । वाक्य भौतिक संरचनाको सबैभन्दा ठूलो एकाइ हो भने अभिव्यक्तिको सबैभन्दा सानो एकाइ हो । एउटा वाक्यमा नामिक पद क्रियापद र अव्ययहरू अटाउन सक्छन् तर प्रत्येक वाक्यमा एउटा कर्ता र एउटा क्रिया चाहि अनिवार्य हुन्छ । नेपाली

वाक्य ढाँचामा कर्ता कर्म र क्रियाको निश्चित संरचना भएजस्तै अछामी छबिसेली भाषिकामा पनि उक्त संरचना पाइन्छ । जस्तै :

| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| रिडियाउँडो खबर आउँदो छ । | रेडियोमा समाचार आउँछ । |
| राम रे हरि दुबै साथ्या हुन । | राम र हरि दुबै साथी हुन् । |
| मु लत्ता आफुइ धुदो छु । | म लुगा आफै सफा गर्छु । |
| भाइ पडाइमा गतिलो आछिन । | भाइ पढाइमा राम्रो छैन । |
| बरबर दिउस मेग (मेघ) आयो । | मध्य दिनमा पानी पऱ्यो । |
| मु धाराउदो हड धुदो छु । | म धारामा नुहाउँछु । |

अछामी छबिसेली भाषिकामा शब्द वर्ग सम्बन्धी तुलनात्मक अध्ययन निम्नानुसार गर्न सकिन्छ ।

## ३.१ नाम

रूप साधक प्रत्यय लाग्न सक्ने र कुनै वस्तु स्थान, अवस्था आदिको परिचय बताउने शब्दलाई नाम भनिन्छ (पराजुली, २०५३ : २५) । नामलाई संज्ञा वा विशेष्य पनि भनिन्छ । त्यस्तै नामलाई दृश्य वा अदृश्य वस्तु र सङख्येय वा असङख्येय दृष्टिले पनि छुट्याउन सकिन्छ । व्याकरणात्मक आधारमा नामको परम्परागत विभाजन प्रक्रियालाई निम्नप्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ३.१.१ व्यक्तिवाचक नाम

कुनै एक व्यक्तिविशेष, स्थानविशेष, वस्तुविशेष वा अवधारणालाई चिनाउने नामिक पदलाई व्यक्तिवाचक नाम भनिन्छ (पराजुली, २०५३:२५) ।

तालिका १

व्यक्तिवाचक नाम

| |
|---|
| सर्पे, बाधुरे, पातपान्ने, जैदे, रिटे, ठिन्के, आडेखाँद, सेरी, पानीमूल, उपरकोट, भैरी, राख्नी, टुडीसेन, पातल, नेताकोट, नाइतोला, जसे, नन्द सिंगे, राम, हर्क/हर्के, लोग/लोग्या सीता, करनाली, रापती कन्था, कित्थि, कैलाश घाट, पाटन, चिरकिट्टे, डोड्डाडा, वाइपुडु, मुजावगर, शान्तडा, डोगरी खोला, बल्लेको खोला, टुनी खोला, पुतला, बिसु, रोट्या त्यार, बेल, जुन, धरती, आदि |

माथि उल्लेखित नामहरूमा केही स्तरीय नेपालीसँग समानता राख्दछन् भने केही भिन्न देखिन्छन् । यसमा व्यक्तिका नाममा दिइएका नन्दसिंगे, लोग्या, हर्क्या, कित्थी, टिपुरी, भिकारी, डोडडाँडाँ, बिसु, रोट्या, बेल, जुन, जस्ता नामहरू प्रयोग भएका पाइन्छन् । सूर्यलाई बेल र चन्द्रमालाई जुनले पुकारिन्छ । यसरी हेर्दा यी नामहरूले यस भाषिक भेदमा स्थानीय स्वरूपलाई पहिचान गर्छन् ।

यसरी छबिसेली भाषी विद्यार्थीहरूले रामलाई रामे, चन्द्रलाई चन्द्रे, सूर्यलाई बेल तथा अन्य नामहरूलाई आफ्नो मौलिकतामा प्रयोग गर्ने गरिएको पाइन्छ । जुन नेपाली भाषामा त्रुटिपूर्ण मानिन्छ । यसर्थ यस भाषिकाका विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा त्रुटि गर्ने गर्दछन् ।

### ३.१.२ जातिवाचक नाम

कुनै पनि समाज धर्म वा गुण जनाउने नामिक पदलाई जातिवाचक नाम भनिन्छ । जस्तैः

तालिका २

जातिवाचक नाम

| |
|---|
| मान्छया, सहर, कापि, कितान, देस, पहाड, रूख, जनवार, इस्कुले, माइस, सहर, कापी, किताब, देश, नदी, हिमाल, रूख, जनावर, विद्यार्थी, छानु, लत्ता, काउजु, नार्‍या आदि |

छबिसेली भाषिकामा र स्तरीय नेपाली भाषामा जातिवाचक नाममा केही समानता देखिन्छ भने लत्ता (लुगाा), नारया, (छानो, जुन गाइवस्तुहरूको लागि निर्माण गरिएको घर) जस्ता स्थानीय मौलिक शब्दहरू प्रयोग भएको पाइन्छ । लत्तालाई बच्छो समेत भन्ने गरेको पनि पाइन्छ । जुन

स्तरीय नेपाली भाषामा प्रयोग भएको भेटिदैन । यसर्थ विद्यार्थीहरूले स्तरीय नेपाली सिकाईमा यस्तै शब्दहरूको प्रयोग गरी त्रुटि गर्ने गरेको पाइन्छ ।

### ३.१.३ समूहवाचक नाम

कुनै पनि मानिस प्राणी वा वस्तुको समूह बुझाउने शब्दलाई समूहवाचक नाम भनिन्छ ।

तालिका ३

समूहवाचक नाम

| |
|---|
| झोटो, भिड, काँगियो, खात, लस्कर, झुप्पा, हुल, लाम, ताँती, रास, वर्ग, बगाल, ओइरो आदि |

यसमा समूह वाचक जनाउने केही नयाँ शब्दहरू छबिसेली भाषिकामा प्रयोग भएका पाइन्छन् । जस्तै : झोटो, खात, लस्कर, काँगियो, बगाल, ओइरो, यी बाहेक स्तरीय नेपालीमा प्रयोग हुने माथि उल्लेखित शब्दहरूको समेत प्रयोग भएको पाइन्छ । यसरी छबिसेली भाषी विद्यार्थीहरूले मान्छेको बगाल, मान्छेको ओइरो, मान्छेको ताँती जस्ता वाक्यहरूको प्रयोग गर्ने भएकाले जुन स्तरीय नेपालीमा प्रयुक्त नहुने भएकाले त्रुटिपूर्ण प्रयोग मान्न सकिन्छ ।

### ३.१.४ द्रव्यवाचक नाम

नाप तौल गर्न सकिने एक रूपबाट अर्को रूपमा परिणत गर्न सकिने गन्न नसकिने पदार्थलाई बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ । जस्तै :

तालिका ४

द्रव्यवाचक नाम

| |
|---|
| सुन, चाँदी, फलाम, ढुङ्गो, माटो, घोगो (मकै), धुलो (पिठो), जाँड, दुद, दारू, दै, बतास, वाफ, कुइणो, धुकाल, मकै, पिठो, पानी, रक्सी, दही, हावा, बाफ, कुहिरो, धुवा |

छबिसेली भाषिकामा स्तरीय नेपाली भाषामा प्रयोग हुने द्रव्यवाचक नामहरूका साथै केही फरक शब्दहरूको समेत प्रयोग पाइन्छ । जस्तै : धुलो, कुइणो, धुकाल, (धुवाँ) आदि । त्यस्तै

प्रयोगमा समान देखिएका शब्दहरूमा उच्चारण गर्दा कथ्य रूपमा अन्तर देखिनुले पनि यस भाषिकाका विद्यार्थीहरूको स्तरीय नेपाली सिक्दा त्रुटि स्पष्ट देखिन्छ ।

### ३.१.५ भाववाचक नाम

अदृश्य वा अमूर्त वस्तु एवम् मानसिक धारणा , अनुभूति तथा वस्तुको गुण कार्य वा अवस्था बुझाउने पदलाई भाववाचक नाम भनिन्छ । जस्तैः

तालिका ५

भाववाचक नाम

| |
|---|
| पाप, धर्म, रिस, दया, माया, चिन्ता, सरम (लाज), चाहाना, काटमार, घृणा, सुख, दुःख, धैर्य, प्रेम, बुद्धि, ज्ञान, शोक, इच्छा, वीरता, हिंसा, गरिबी, पिरम, बहादुरी, हानाहान, गाली आदि |

भाववाचक नाममा स्तरीय नेपाली र छबिसेली भाषिकाको प्रयोगमा समानता देखिए पनि शब्दहरूको प्रयोगमा भिन्नता देखिन्छ । जस्तै : प्रेम शब्दको प्रयोग पिरम भएर हुन्छ । जुन स्तरीय नेपालीमा त्रुटिपूर्ण प्रयोग मानिन्छ । त्यस्तै सरम जस्तो अर्को मौलिक शब्द समेतको प्रयोग भएको पाइन्छ । जसले लाज मान्नु भन्ने कुराको बोध गराउँछ । जुन सरम शब्द स्तरीय नेपालीमा पाइँदैन ।

## ३.२ सर्वनाम

नाम पद समूह तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ (पराजुली, २०५३:२७) । अर्को शब्दमा भन्दा नाम वा नाम पदसमूहको पुनरूक्ति रोक्न त्यसको सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनाम निम्निलिखित पाँच प्रकारका हुन्छन् ।

### ३.२.१ पुरूषवाचक सर्वनाम

पुरूष वा स्त्रीको नामको सट्टामा प्रयोग हुने सर्वनामलाई पुरूषवाचक सर्वनाम भनिन्छ ( पराजुली, २०५३:२७) । यसलाई प्रथम, द्वितीय र तृतीय पुरूषका आधारमा चर्चा गर्न सकिन्छ । जस्तैः

तालिका ६

पुरूषवाचक सर्वनाम

| पुरूष | छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| प्रथम पुरूष | मु, हामी, | म, हामी, |
| द्वितीय पुरूष | तु, तमी, | तँ, तिमी, तपाई, हजुर |
| तृतीय पुरूष | ऊ, वाँ | ऊ, उहाँ, उनी, |

माथिको तालिका हेर्दा स्तरीय नेपाली भाषा र छबिसेली भाषिकामा पुरूष वचक सर्वनाममा प्रथम पुरूष म को मु भए पनि हामी यथावत् देखिन्छ । द्वितीय पुरूषमा तु र तँ समानार्थी शब्द हुन् भने तुमीले तिमी, तपाई, हजुर सबै आदरको प्रतिनिधित्व गरेको पाइन्छ । तुमीको वैकल्पिक रूप तमी, तोमी पनि प्रयोग भएको देखिन्छ । त्यस्तै तृतीय पुरूषमा ऊ  समान छ भने वाँ ले स्तरीय नेपाली सबै आदरको प्रतिनिधित्व गरेको पाइन्छ ।

यसरी छबिसेली भाषी विद्यार्थीले तु, मु, तुमी, ऊ, वाँ जस्ता सार्वनामिक शब्दहरूको प्रयोग गर्ने भएकाले स्तरीय नेपालीमा त्यस्ता रूपहरू त्रुटिपूर्ण मानिन्छन् ।

### ३.२.२ दर्शक सर्वनाम

नजिक वा टाढा रहेका कुनै व्यक्ति वा वस्तुलाई तोकेर देखाउन तिनका सट्टामा आउने शब्दलाई दर्शक वाचक सर्वनाम भनिन्छ (पराजुली, २०५३:२७) ।

तालिका ७

दर्शक सर्वनाम

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| मुलाई इनुका कुणा मन पण्या । | मलाई यिनका कुरा मन पर्छन् । |
| अरू है इ राम्णी बैकिनी हुन् । | अरू भन्दा यी राम्री आइमाई हुन् । |
| वाँले हामुकी लौडीले हाद्यो । | उहाँले हामीलाई लठ्ठीले पिट्यो । |
| त्यइकी मुइले माइकी ठोक्या । | त्यसलाई मैले गाली दिए । |
| इनुकी बाउजुले डाक्यो । | यिनलाई बुबाले बोलायो । |

दर्शक सर्वनाममा स्तरीय नेपाली र छबिसेली बिच केही समानता रहे पनि यि, उहाँ, त्यस, यो, उनी जस्ता सर्वनाममा छबिसेली भाषिकामा इँ, इनु, त्यइ, वाँ, ऊँ जस्ता सर्वनामहरूको प्रयोग भएको पाइन्छ । नेपालीमा यस्ता रूपहरूको प्रयोगलाई त्रुटिपूर्ण मानिन्छ । यसर्थ छबिसेली भाषिक विद्यार्थीहरूले यिनै सर्वनामहरूको प्रयोग गरी त्रुटि गरेको पाइन्छ ।

### ३.२.३ सम्बन्धवाचक सर्वनाम

वाक्यमा दुवै तिरको सम्बन्ध देखाउने वा एउटा उपवाक्यको अर्को उप-वाक्यसँग सम्बन्ध जोड्ने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । जस्तैः

तालिका ८

सम्बन्धवाचक सर्वनाम

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| जो बिगाड्डो छ ऊ डर मान्दो छ । | जो बिराउँछ ऊँ डराउँछ । |
| जुल्ले काम गद्दो छ उल्ले खान पाउदो छ । | जसले काम गर्छ उसले खान पाउँछ । |
| जल्लाई पन माइकी चुइकी नहन्नु । | जसलाई पनि गाली नगर्नु । |
| काउजु ज्या पन हद्दा छन् । | काका जे पनि गर्छन् |

सम्बन्धवाचक सर्वनाममा जो, जुन, जसले, जसलाई जस्ता सर्वनामहरूमा छबिसेली भाषिकामा जो, जल्ले, जल्लाई ज्या, जुल्ले, जस्ता सर्वनाम प्रयोग भएको पाइन्छ । यसरी हेर्दा सम्बन्ध वाचक सर्वनाममा छबिसेली भाषिका स्तरीय नेपालीसँग निकट देखिन्छ भने माथि उल्लेखित शब्दहरूले यस भाषिक भेदमा स्थानीय स्वरूपलाई पहिचान गर्ने बाहेक स्तरीय नेपालीमा प्रयोग नहुने भएकाले यस्तो प्रयोग विद्यार्थीहरूको स्तरीय नेपाली सिकाइमा त्रुटि मानिन्छ ।

### ३.२.४ प्रश्नवाचक सर्वनाम

के, कुन जस्ता प्रश्न बुझाउने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । जस्तैः

तालिका ९

प्रश्नवाचक सर्वनाम

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| उल्ले बेली क्या खाएछ्यो ? | उसले हिजो के खायो ? |
| भाणुनिका रोटा कल्ले खाएछ्यो ? | भार माथिका रोटी कसले खायो ? |
| तम्मा बाउजुले कल्लाइ कुट्यो ? | तपाईका बुबाले कसलाई पिट्यो ? |
| पाणबाटि लिस्नाउदो को लोट्यो ? | माथिल्लो तलाबाट सिंढीमा को लड्यो ? |
| छकाल उल्ले कल्लाइ कुट्यो ? | बिहान उसले कसलाई पिट्यो ? |
| मास्टरले तुमीलाई क्या भन्या ? | शिक्षकले तपाइलाई के भन्नुभयो ? |

यसमा स्तरी नेपालीका के, को, कुन, कस्ले, कस्लाई, कुनै जस्ता सर्वनामहरू को, कल्ले, क्या, कल्लाई, भएर प्रयोग भएको पाइन्छ ।

### ३.२.५ निजवाचक सर्वनाम

आफूलाई बुझाउने सर्वनामलाई निजवाचक सर्वनाम भनिन्छ । जस्तै :

तालिका १०

निजवाचक सर्वनाम

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| आपु त घर जादो भया । | आफू त घर जान्छु । |
| तुमी आपै भात खाव । | तपाई आफै भात खानुहोस् । |
| भाउ आपु मात्र इस्कुल जादोछ । | भाइ आफै मात्र स्कुल जान्छ । |
| मुइले आपै मुदुणो बनायाँ । | मैले आफै औंठी बनाए । |

निज वाचक सर्वनाममा स्तरीय नेपालीमा जस्तै आफू, आफै, स्वयम्, मध्ये आफू आफैलाई आपू आपैको रूपमा प्रयोग गरिने गरिएको भए पनि स्वयम् सर्वनामको प्रयोग छबिसेली भाषिकामा पाइदैन । यसर्थ छबिसेली भाषी विद्यार्थीहरूले स्तरीय नेपालीमा नभएका आपु आपै जस्ता सर्वनामहरूको प्रयोग स्तरीय नेपाली सिक्दा गर्ने भएकाले त्रुटि गर्ने देखिन्छ ।

## ३.३ विशेषण

नामको विशेषता, गुण दोष जाहेर गर्ने शब्दलाई विशेषण भनिन्छ (पराजुली, २०५३:२९) । नामसँग गरिने कति, कस्तो, कत्रो आदि पश्नको उत्तरमा विशेषण आउँछ । विशेषणलाई समेत निम्न प्रकारहरूका आधारमा चर्चा गर्न सकिन्छ ।

तालिका ११

विशेषणका प्रकार

| विशेषण | छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| गुणवाचक | रातो,सुकिलो,हर्यो,पेलो,कालो,चुकिलो / टर्रो, तिच्छडो / तितो,गुलियो,मुदौडो / विमारी,ढेवरो ,बड्डो / बड्डी,डुण्याँ,नौलो,फाटो,अर्कासाल | रातो,सेतो,हरियो,पहेलो,कालो, अमिलो,तितो,मीठा,विरामी / रोगी, बहिरो,बुढा / बुढी,लङ्गडो,नयाँ, पुरानो,आगामी वर्ष |
| सङ्ख्यावाचक | एक, दश, सय सयौ, हजारौ, करोडौ,पैलो, दोसरो, तेसरो,डबल, टेबल | एक दश,सय,सयौ,हजारौ,करोडौ पहिलो,दोस्रो,तेस्रो,दोब्बर, तेब्बर |
| परिमाणवाचक | नापै,भौती / ज्यादा / भिक्क / मइथै,अम्तो, नापै, सब्बै | थोरै,धेरै,प्रशस्त, अलिकति, सबै |
| सार्वनामिक | यो, इँ, को, कुन | यी, यो, त्यो, जुन, को, कुन |

उपर्युक्त तालिका हेर्दा धेरै विशेषणहरूमा स्तरीय नेपाली भाषा र छबिसेली भाषिकामा समानता देखिन्छ । केही रूप परिवर्तन भएका र केही मौलिक शब्दहरू देखिन्छन् । उच्चारण भिन्न भएका हर्यो (हरियो), पेलो.(पहेँलो), बिमारी (बिरामी), डबल, (दोब्बर), हुन भने मौलक शब्दहरूमा तिच्छडो (कमतितो), भिक्क (धेरै), मुदौदो (बिरामी) आदि देखिन्छन् । त्यस्तै भिक्कको पर्यायवाची रूपमा भौति, मइथै, अम्तो पनि देखिन्छन् ।

यसरी छबिसेली भाषी विद्यार्थीहरूले आफ्नो बोलिचालीमा स्थानीय मौलिक शब्दहरूको प्रयोग गर्दा त्यसको प्रभाव स्तरीय नेपाली सिक्दा समेत देखिने भएकाले यी माथि उल्लेखित त्यस्ता शब्दहरूको प्रयोग स्तरीय नेपालीमा त्रुटिपूर्ण मानिन्छ ।

## ३.४ क्रिया

कुनै काम भएको वा हुने कुरा बुझाउने शब्दलाई क्रिया भनिन्छ (पराजुली, २०५३:३२) । अर्को शब्दमा भन्दा वाक्यमा कर्ताले गरेको काम, घटेको घटना, अवस्था वा स्थिति बुझाउने शब्दलाई क्रिया भनिन्छ । क्रियापदले वाक्यमा विद्येयको काम गर्छ र वाक्य टुङ्ग्याउँछ । जस्तैः

तालिका १२

क्रिया

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| मुइले भात खायाँ । | मैले भात खाएँ । |
| हामुले भात खायौं । | हामीले भात खायौं । |
| भाउ घर आउन्छ । | भाइ घर आउँछ । |
| उइका बाउजु आयाँ । | उसका बुबा आउनु भयो । |
| छोऱ्याट्टी गीदाउडी हो । | केटी गायीका हुन । |

माथिका वाक्यहरूका रेखाङ्कित शब्दहरू क्रिया हुन् । कर्मका आधारमा क्रिया दुई प्रकार छन् :

### ३.४.१ सकर्मक क्रिया

कर्म लिने क्रियालाई सकर्मक क्रिया भनिन्छ ।जस्तै :

तालिका १३

सकर्मक क्रिया

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| सिता नेपाली किताप पड्डिछ । | सीता नेपाली किताब पढ्छे । |
| मु राम्णा कुणा हर्छु । | म राम्रा कुरा गर्छु । |
| मास्टरले छोर्याट्टीलाई कुट्यो । | शिक्षकले केटीलाई पिट्यो । |
| मु भिक्कै रोटा खाँदो छु । | म धेरै रोटी खान्छु । |
| तुमी कन त्यइले गाल दियो । | तपाइलाई त्यसले गाली गऱ्यो । |

माथिका वाक्यहरूमा क्रियाले कर्मको अपेक्षा गरेकाले यी क्रियाहरू सकर्मक क्रियाहरू हुन् । नेपालीमा जस्तै अछामी छविसेली भाषिकामा पनि सोही खालको प्रक्रिया देखिन्छ । कतिपय

क्रियापदहरूमा समान्य अन्तर देखिएको छ । जस्तो पड्डो छ - पढ्छ, खाँदो छ - खान्छ, त्यस्तै छबिसेली भाषिकामा हर्नु (गर्नु), कुट्नु (पिट्नु), जस्ता मौलिक शब्दहरू समेत प्रयोग भएका पाइन्छन् । तर नेपालीमा यस्ता शब्दहरू भेटिदैनन् । यसर्थ छबिसेली भाषी विद्यार्थीले यस्तै शब्दहरूको प्रयोगबाट स्तरीय नेपालीमा त्रुटि गर्छन् ।

### ३.४.२ अकर्मक क्रिया

कर्म नलिने क्रियालाई अकर्मक क्रिया भनिन्छ । जस्तै :

तालिका १४

अकर्मक क्रिया

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| मुलाई निन लाग्यो म सिदो भया । | मलाई निन्द्रा लाग्यो म सुत्छु । |
| तुमी आपु साटा घर जाव । | तिमी आफू छिटो घर जाऊ । |
| तमी काखीउनी बस । | तपाई काखमा बस्नुहोस् । |
| रामुनी छोऱ्याट्टी रूदिछ । | जात्रामा केटी रून्छे । |
| बेउला बेउली हाँस्दा छन् | दुलाहा दुलही हाँस्छन् । |

स्तरीय नेपाली भाषा भन्दा छबिसेली भाषिकामा क्रियापदको प्रयोग केही भिन्न रूपमा भएको पाइन्छ । जस्तै : जादो भया = जान्छु, सिनु = सुत्नु, खादो छु = खान्छु, हाँस्तो छु = हाँस्छु आदि जस्ता क्रियापदहरूको प्रयोगले यस भाषिकामा केही मौलिकपन देखिन्छ । माथि उल्लेखित क्रियापदहरू अरू थुप्रैमा समान्य अन्तर बाहेक केही नभेटिए पनि छबिसेली भाषिकामा प्रयोग हुने सिनु (सुत्नु) शब्द नेपालीमा प्रयोग भएको पाइदैन ।

## ३.५ क्रिया विशेषण

क्रियाको विशेषता बताउने वा तिनका अर्थमा केही थप्ने शब्दलाई क्रियाविशेषण भनिन्छ ( आचार्य, २०५८:५२) । अछामी छबिसेली भाषिकामा प्रयोग हुने क्रियाविशेषणलाई निम्नलिखित वर्गमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । जस्तै :

तालिका १५

क्रिया विशेषण

| क्रियाविशेषण | छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| स्थानवाचक | तुमि बेली बाईर छियौ।<br>उ छकाल मुथि छियो ।<br>भाउ पुडो गयाको छ ।<br>बउजू घर भित्त छन् । | तिमी हिजो बाहिर थियौ ।<br>उ बिहान माथि थियो ।<br>भाइ पर गएको छ ।<br>भाउजू घरभित्र छन् । |
| समयवाचक | तु झट्ट घरमा आ ।<br>उ सधाइ बाहाछाकि रून्छ ।<br>घर है मु बेली या आयाँ ।<br>हामी पछ्या मावल जान्या छु ।<br>साटा हर मुकी ढिला भयो । | तिमी तुरून्त घरमा आऊ ।<br>ऊ सधैं बेलुका रून्छ ।<br>घरबाट म हिजो यहाँ आएँ ।<br>हामी पछि मावल जानेछौँ ।<br>छिटो गर मलाई अवेर भयो । |
| परिमाणवाचक | मु अज्याल झिक्क खान्छु ।<br>मेरी दिले नापै खायो ।<br>मु सात रूप्या मस्तै छन् ।<br>तुमीलाई यति भया होइजान्छ ।<br>उल्ले ज्यादा पड्यो । | म अचेल धेरै खान्छु ।<br>मेरी दिदीले थोरै खाइन् ।<br>म सँग रूपैंया प्रशस्तै छन् ।<br>तपाइलाई यति भए पुग्छ ।<br>उसले बढी पढ्यो । |
| रीतिवाचक | भाउ निकरि पड्डो छ ।<br>बेली बेसपाडि मेघ आयो ।<br>माठा भयो तुमी साँटा आओ ।<br>बाज्या सजसजै आया | भाइ राम्ररी पढ्छ ।<br>हिजो बेसरी पानी पऱ्यो ।<br>ढिला भयो तपाई छिटो आउनुहोस् ।<br>हजुर बुबा बिस्तारै आउनुभयो । |
| कारणवाचक | म पड्न जादो छु ।<br>गल्याका गेलमेल सैरन लग्या ।<br>मुकि जाने तक बिउजाउनु । | म पढ्न जान्छु ।<br>थाकेका छोराछोरी सुत्न लागे ।<br>मालाई जाने बेला बिउँझाउनु । |

यसरी स्तरीय नेपालीमा प्रयोग भएका क्रियाविशेषणहरू बाहिर, माथि, पर, तुरून्त, बेलुका, हिजो, विहान, प्रशस्त, थोरै, राम्ररी, छिटो, पढ्नु, सुत्न जस्ता शब्दहरूको ठाउँमा अछामी छबिसेली भाषिकामा क्रमशः बाईर, मुथि, पुडो, झट्ट, झिक्क, निकरी, बेसपाडी, साँटा, सिनु, जस्ता शब्दहरूको

प्रयोग बोलिचालीमा रहेको पाइन्छ । यी मध्ये पुडो झिक्क, साटा, सिनु आदि शब्दहरू नेपालीमा प्रयोग नभई छबिसेली भाषिकामा मात्र प्रयोग हुनुले एकातिर भाषिक भेदको स्थानीय स्वरूपलाई चिनाउछ भने अर्कातिर स्तरीय नेपालीमा यस्ता शब्दको प्रयोगले विद्‌यार्थीहरूको सिकाइमा त्रुटि हुने देखिन्छ ।

## ३.६ नामयोगी

नाम अथवा नाम झैं प्रयुक्त हुने सर्वनाम, विशेषण आदिका पछाडि जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ (आचार्य, २०५८:५८) । जस्तैः

तालिका १६

नामयोगी

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| हामुमुथि सबैले भरोसा हर्छन् । | हामीमाथि सबैले विश्वास गर्छन् । |
| काउजुका घर बाईर फोवड छ । | कान्छा बुबाका घरबाहिर फोहर छ । |
| तिनुका खाटतलि मालताल छ । | तिनका खाटमुनी सरसामान छ । |
| नेपालको उत्तरतर्फ हिमाल छ । | नेपालको उत्तरतिर हिमाल छ । |
| तुमीविना मु एकलै हुदोछु । | तिमीबिना/तपाईबिना म एक्लै हुन्छु । |
| मुइले नानी फल्यौटीका निम्ती बच्छो किन्या । | मैले सानी छोरीका लागि लुगा किने । |

स्तरीय नेपाली भाषामा आएका मुक्त नामयोगी माथि, बाहिर, मुनी, तिर, बिना, अछामी छबिसेली भाषिकामा क्रमशः मुथि, बाईर, तली, तर्फ, विना भइ परिवर्तन भएको पाइन्छ । यसरी स्तरीय नेपाली र छबिसेली भाषिका बिच कथ्य रूपमा केही धन्यात्मक अन्तर देखिए पनि धेरै कुरामहरूमा समानता देखिन्छ । तर पनि उच्चारणमा माथि - मुथी, बाहिर - बाइर, मुनी - तली जस्ता शब्दको प्रयोगले छबिसेली भाषी सिकारूले स्तरीय नेपाली सिक्दा त्रुटि गरेको पाइन्छ ।

## ३.७ संयोजक

दुई वा दुईभन्दा बढी शब्द, पदावली तथा उपवाक्यलाई जोड्ने अव्ययलाई संयोजक भनिन्छ (आचार्य, २०५८:५४) ।

तालिका १७

संयोजक

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| रूख रोप्यो भन्या वातावरण निको हुन्छयो । | वृक्षारोपण गऱ्यो भने वातावरण स्वच्छ हुन्थ्यो। |
| भाउ जाँचमा फेल भयो क्यानकि उल्ले पडेको थिएन । | भाइ परीक्षामा अनुतिर्ण भयो किनकी उसले पढेको थिएन । |
| मु घर जान्छु रे पड्न थाल्छु । | म घर जान्छु र पढ्न थाल्छु । |
| तुमी राम्णो काम हऱ्या क्यानकी सबुले निको मान्दा छन्। | तपाई राम्रो काम गर्नुहोला किनकी सबैले राम्रो मान्छन् । |
| दीका जस्ताइ मुलाई पन लत्ता ल्याइदिया । | दिदीलाई जस्तै मलाई पनि लुगा ल्याइदिनु । |

स्तरीय नेपाली भाषाका सापेक्ष तथा निरपेक्ष संयोजकहरू छबिसेली भाषिकामा जस्तै भन्या = भने, रे = र, क्यानकि = किनकि, क्यानभन्या = किनभने आदि रूपमा प्रयोग भएको पाइन्छ भने कतिपय संयोजकहरू जस्तै : तर, अथवा, वा, पनि, जुन, आदि छबिसेली भाषिकामा पनि स्तरीय नेपालीमा जस्तै प्रयोग भएको पाइन्छ । यस प्रकार छबिसेली भाषिकामा प्रयोग हुने भन्या, रे, क्यानकी, क्यानभन्या आदिको स्तरीय नेपालीमा प्रयोग भेटिदैन । छबिसेली भाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिकाइमा यस्ता शब्दहरूको प्रयोग गरी वाक्य निर्माणलाई त्रुटिपूर्ण बनाउने गर्छन् ।

## ३.८ विस्मयादिबोधक

हर्ष, आश्चर्य, विस्मात, घृणा, निन्दा आदि भाव बुझाउने अव्यय शब्दलाई विस्मयादिबोधक भनिन्छ (आचार्य, २०५८:५४) । जस्तैः

तालिका १८

विस्मयादिबोधक

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| अइअ ! मेरो लादो दुख्यो । | ऐया ! मेरो पेट दुख्यो । |
| छि ! कसतो गन्धित ठाउ । | छि ! कस्तो दूर्गन्धित ठाउँ । |
| धन्ने प्रभु ! मु खुसि भयाँ । | धन्य प्रभु ! म प्रशन्न भए । |
| हट ! मलाइ यस्तो मन पड्दैन । | धत ! मलाई यस्तो मन पर्दैन । |
| वो ! भाउ तुलाई क्या हुँदो छ । | ओ ! भाइ तिमीलाई के हुन्छ । |

स्तरीय नेपाली भाषामा प्रयोग भएका विस्मयाधिवोधक ऐया, ल, अँ, छि, ओ मध्ये अछामी छबिसेली भाषिकामा प्रचलित शब्द 'अइअ'  'वो' भएर लेखिन्छ । अछामी छबिसेली भाषिका नासिक्य ध्वनि, धन्ने, वो व्यञ्जन वर्णको प्रयोग हुन्छ । ल, अ, छि, मा अछामी छबिसेली भाषिकामा स्तरीय नेपाली भाषाको जस्तै प्रयोग हुन्छ । अछामी भाषिकामा अन्य प्रचलित मौलिक शब्द नभए पनि 'धत' को ठाउँमा 'हट' प्रयोग भएको पाइन्छ  तर नेपालीमा 'हट' विस्मयादिबोधक प्रयोग भएको भेटिदैन । यसर्थ विद्यार्थीरूले 'हट' को प्रयोग गर्नु समेत त्रुटिपूर्ण मानिन्छ ।

## ३.९ वाक्यका प्रकार

सरल संयुक्त र मिश्र गरी वाक्य तिन प्रकारका छन् । अछामी छबिसेली भाषिकामा समेत वाक्यका प्रकार तिन प्रकारका भएकाले स्तरीय नेपाली र छबिसेली भाषिकामा वाक्यकहरू मिल्दाजुल्दा देखिन्छन् ।

### ३.९.१ सरल वाक्य

एउटा मात्र स्वतन्त्र उपवाक्य भएको वाक्यलाई सरल वाक्य भनिन्छ (लम्साल, २०६२ : १४८) । जस्तै :

तालिका १९

सरल वाक्य

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| मुइले छकाल भात खायँ । | मैले बिहान भात खाए । |
| मेरी बैनी आप्नु किताप पड्छ । | मेरी बहिनी आफ्नो किताब पढ्छ । |
| बेली राती चोरले दोकान चोऱ्यो । | हिजो रात्री चोरले पसल चोऱ्यो । |
| भाउ भैसाको दुद खाँदोछ । | भाइ भैसीको दुध खान्छ । |
| छोऱ्याट्टासित छोऱ्याट्टी हप (हप्र) गै । | केटासँग केटी माथि गई । |
| मु गल्याको छु काम हर्न जादैन । | म थाकेको छु काम गर्न जान्नँ । |

वाक्यमा समापिका क्रियाका साथै एक भन्दा बढी असमापिका क्रिया छुट्टै अवधारणा लिई प्रयोग भएमा त्यस्तो वाक्य जटिल हुन्छ । तर परम्परागत व्याकरणमा जतिसुकै असमापिका क्रिया भए पनि एउटा मात्र समापिका क्रिया भएको वाक्य सरल वाक्य हो । विभिन्न संरचनाका सरल वाक्यमा छबिसेली र स्तरीय नेपाली भाषामा समानता पाइन्छ । छबिसेली भाषिकामा मु जाँदो, मु खाँदो जस्ता क्रियाले पनि समापकको काम गरेको पाइन्छ । त्यस्तै गल्लीनु (थाक्नु), हर्नु (गर्नु) जस्ता क्रियापदको प्रयोग समते पाइन्छ । तर नेपालीमा त्यो अवस्था हुँदैन । यस प्रकार छबिसेली भाषी विद्यार्थीहरूले वाक्यमा नाम सर्वनाम विशेषण र क्रियापदका रूपहरूमा आफ्नो मौलिक रूप प्रयोग गर्ने बानीले स्तरीय नेपाली सिक्दा त्रुटि गर्ने गरेको पाइन्छ ।

### ३.९.२ संयुक्त वाक्य

दुई वा दुई भन्दा बढी स्वाधीन उपवाक्य मिली बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ ( लम्साल, २०६२ : १४९) । संयुक्त वाक्यमा दुई वा दुई भन्दा बढी उद्देश्य र विधेय रहन्छन् । जस्तै :

तालिका २०

संयुक्त वाक्य

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| मु भात खान्छु, लल्ता लाउछु रे स्कुल जाँदोछु । | म भात खान्छु, लुगा लगाउँछु र स्कुल जान्छु । |
| रामले गोजाबाटी पैसा गाड्यो रे दोकानीकी दियो । | रामले खल्तीबाट पैसा झिक्यो र पसलेलाई दियो । |
| बेली आउँसीको दिन छियो तर हामुकी थाहा भएन । | हिजो औंसीको दिन थियो तर हामीलाई थाहा भएन । |
| तुमी अन्न खाओ नतर मु खाँदो भयाँ । | तपाई खान खानुहोस् नत्र म खान्छु । |

छबिसेली भाषिकामा नेपाली भाषाका संयोजकहरू अलि फरक रूपमा प्रयोग भएका देखिन्छन् । जस्तै : पन > पनि, नतर > नत्र, भयापन > तापनि, भन्या > भने आदिको प्रयोग भएको पाइन्छ । उपर्युक्त बाहेक अन्य कुराहरूमा स्तरीय नेपाली र छबिसेली भाषिका बिच समानता पाइन्छ । यस प्रकार स्तरीय नेपालीमा प्रयोग हुने संयोजकहरूलाई केही थोरै रूपमा फरक पारेर प्रयोग गर्नु बाहेक अन्य मौलिक संयोजकहरू यस भाषिकामा पाइदैनन् । जुन प्रयोग लेख्य रूपमा नेपालीमा त्रुटिपूर्ण मानिन्छ ।

### ३.९.३ मिश्र वाक्य

एउटा स्वाधीन उपवाक्य र एक वा एक भन्दा बढी अधिन उपवाक्य मिली बनेको वाक्यलाई मिश्रवाक्य भनिन्छ (लम्साल, २०६२ : १५१) । मिश्रवाक्यलाई सापेक्ष संयोजकले जोडेको हुन्छ । जस्तै:

तालिका २१

मिश्र वाक्य

| छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|
| जाँ मेग आएन त्याँ खेती सपडेन । | जहाँ पानी परेन त्यहाँ खेती सप्रेन । |
| जब कुइडो लाग्छ तब मेग आउछ । | जब कुहिरो लाग्छ तब पानी पर्छ । |
| तुमी त्याम्मा जाउँ जाम्मो निको बाटो छ । | तिमी त्यहाँ जाऊ जहाँ राम्रो बाटो छ । |
| ज्याँ मु भन्दो छु त्यइ साथ्या भन्दो छ । | जे म भन्छु त्यही साथि भन्छ । |

छबिसेली भाषिकाका मिश्रवाक्यमा भने, भन्ने, के, यो जस्ता संयोजन गर्ने संयोजकहरू पाइन्छन् भने संयोजक विना पनि स्वतन्त्र र आश्रित उपवाक्यको मिश्रण भएको पाइन्छ । साथै छबिसेली भाषिकामा मिश्र वाक्य जनाउने केही संयोजकहरू नेपाली भाषासँग समान छन् । तर पनि सामान्य परिवर्तन भई प्रयोग हुने गरेको पाइन्छ । जस्तै : ज्या > जे, जत्ति > जति, जत्तो > जत्रो, जाँ > जहाँ त्याँ-त्यहाँ आदि । छबिसेली प्रयोगको लेख्य रूप नभएकाले यस्ता शब्दहरूको प्रयोगमा विद्यार्थीहरूको त्रुटि देखिन्छ । जुन स्थानीय प्रयोगको लागि मात्र उपयुक्त मानिन्छ ।

## ३.१० लिङ्ग

लिङ्ग भनेको पुरूष वा स्त्रीको भिन्नतालाई जनाउने व्याकरिणक कोटि हो (अधिकारी, २०६१ : ७५) । अछामी छबिसेली भाषिकामा लिङ्ग निम्न अवस्थामा प्रयोग भएको पाइन्छ ।

तालिका २२

लिङ्ग

| लिङ्ग | छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| पुलिङ्ग | बैसको छोऱ्याट्टो सियो । | तन्नेरी केटो सुत्यो । |
| | छकालै पुसाइले खाना खायाँ । | बिहानै फुपाजुले खान खानुभयो । |
| | काकाले बेली आप्नी जोइलाई कुट्यो । | कान्छा बुबाले हिजो आफ्नी स्वास्नीलाई पिट्यो । |
| | बाज्यौले तमौ खाया । | हजुरबुबाले तमाखु खानु भयो । |
| स्त्रीलिङ्ग | काम हरी गल्याकी छोऱ्याट्टी सिइ । | काम गरी थाकेकी केटी सुती । |
| | हामुसँगै फुले खाना खाइन् । | हामीसँगै फुपूले खाना खाइन् । |
| | काखीले आप्ना पोइलाई रिसाइन् । | कान्छी आमाले आफ्ना श्रीमान्लाई रिसाइन् । |

उपर्युक्त तालिकामा दिइएका वाक्यहरूको अध्ययन गर्दा छबिसेली भाषिक भेदमा नामिक पदहरू छोऱ्याट्टो, पुसाइँ, बामन, बाज्यौ, छोऱ्याट्टी, फु, बाम्नी, बज्यै, तथा क्रियापदहरू सियो, खायाँ, कुट्यो, जान्या आदि प्रयोग भएका छन् । यसर्थ छबिसेली भाषिकामा केही मौलिक कथ्य शब्दहरू नेपाली भन्दा फरक ढङ्गले प्रयोग भएको पाइन्छन् । यि बोलीचालीका शब्दहरूलाई स्तरीय नेपालीमा प्रयोग गर्ने समस्या छबिसेली विद्यार्थीहरूमा देखिन्छ ।

## ३.११ वचन

सङ्ख्या बुझाउने व्याकरणको कोटिलाई वचन भनिन्छ (अधिकारी, २०६१ : ७७) ।  नेपाली भाषा एउटा बुझाउनेलाई एकवचन र एकभन्दा बढी बुझाउनेलाई बहुवचन भए जस्तैः अछामी छबिसेली भाषिकामा यही वचन सम्बन्धी यही व्यवस्था पाइन्छ । जस्तै :

तालिका २३

वचन

| अछामी छबिसेली भाषिका | | स्तरीय नेपाली | |
|---|---|---|---|
| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
| मु घर जाँदो छु । | हामी घर जाँदाछौ । | म घर जान्छु । | हामी घर जान्छौं । |
| निकि वैकिनि गै । | निकि बैकिनी गैइन् । | राम्री आइमाई गई । | राम्री आइमाईहरू गइन् । |
| साथ्या भात खाँदो छ । | साथ्या भात खाँदा छन् । | साथी भात खान्छ । | साथीहरू भात खान्छन् । |
| राम्डी छोऱ्याट्टी हाँस्तिछ । | राम्डी छोऱ्याट्टी हाँस्ति छन् । | राम्री केटी हाँस्छे । | राम्रा केटीहरू हाँस्छन् । |

स्तरीय नेपालीमा कर्ता ओकारान्त भए आकारान्त बनाएर बैकल्पिक रूपमा 'हरू' प्रत्यय थपेर बहुवचन बनाई सोही अनुसार क्रियापदको प्रयोग गरिन्छ । तर छबिसेलीमा ओकारान्तलाई आकारान्त बनाइने नियममा समानता भए पनि छबिसेली भाषिकामा बहुवचन बनाउँदा 'हरू' प्रयोग गरिएको पाइदैन । विशेषण पद र क्रियापदका आधारमा मात्र बहुवचन छुट्याउन सकिन्छ ।

## ३.१२ सारांश

छबिसेली भाषिका र स्तरीय नेपाली दुबैमा शब्दवर्गहरूमा समान खालको वर्गीकरण देखिन्छ। नाममा कतिपय समानता हुँदा हुँदै पनि टिपुरी, भिकारी, नन्दसिंगे, लोग्या, बेल(सूर्य) जस्ता स्थानीयपन झल्किने रूपहरूको प्रयोग बढी देखिन्छ । त्यस्तै जातिवाचक, समूहवाचक, द्रव्यवाचक, भाववाचक नाममा पनि समानताका साथै केही मौलिक शब्दहरू जस्तै लत्ता,  नारया, छानु, बगाल, खात, झोटो, धुकाल, सरम(लाज) पिरम(प्रेम), ठेल्नु जस्ता मौलिक नामहरूको समेत प्रयोग भएको पाइन्छ । सर्वनाम र विशेषणमा पनि स्तरीय नेपालीसँग समान शब्दहरूको प्रयोग हुनुका साथै सर्वनाममा मु, तुमी, तु, ऊँ, वाँ तथा विशेषणमा झिक्क, तिच्छडो, मुदौडो, हर्यो, पेलो जस्ता शब्दहरूको समेत प्रयोग पाइन्छ भने झिक्कको (धेरै) वैकल्पिक रूपमा भौति, मइथै, अम्तो जस्ता शब्दहरू समेत देखिन्छन् । त्यस्तै खाँदो छु-खान्छु, जाँदो छु- जान्छु, हर्छु-गर्छु, कुट्नु-पिट्नु, जस्ता क्रियापदहरूको समेत प्रयोग पाइन्छ । साथै अव्ययका रूपहरूमा मुथी, बाइर, तली, बेली, छकाल, बाहाछाकी, पुडो, रे, क्यानकी, क्यान, अइअ, हट, व जस्ता शब्दहरूको प्रयोग समेत भेटिन्छ भने थुप्रै पक्षहरूमा स्तरीय नेपालीमा समान समेत देखिन्छ । यसरी शब्दवर्गसँगै अर्थका आधारमा वाक्य गठन दुबैमा समान रूपमा भएको पाइन्छ । शब्द भण्डारगत, ध्वनिगत र पत्ययगत भिन्नता यहाँ पनि यथावत नै देखिन्छ । संरचनाका आधारमा वाक्यलाई सरल, संयुक्त र मिश्र वाक्य गरी तीन प्रकार छबिसेली र स्तरीय नेपाली दुबैमा समान देखिन्छन् ।

## अध्याय : चार

# छबिसेली भाषिक भेद र मानक नेपाली भाषामा रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन

## ४.१ परिचय

रूप भनेको वाक्यमा कर्ता कर्म आदिका रूपमा प्रयोग हुन सक्ने पद हुन भने रूपायन शब्द रचना एउटा महत्त्वपूर्ण प्रक्रिया हो । व्याकरणीय अर्थ थपी शब्दमा गरिने परिवर्तनलाई रूपायन भनिन्छ । शब्दका विभिन्न रूपहरूको रचना गर्ने प्रक्रियालाई रूपायन वा शब्द रूप विस्तार भनिन्छ । यो उपयुक्त हुने गरी शब्दको रूप परिवर्तन गर्ने प्रक्रिया हो (पराजुली, २०५३ : ७९) ।

एक वा एक भन्दा बढी अक्षरले बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ (पराजुली, २०५३ : ६८) । यो रूप भन्दा ठूलो र पदावली भन्दा सानो भाषिक एकाइ हो । शब्दलाई रूप फेरिने र नफेरिने गरी दुई थरीका आधारमा विकारी र अविकारी रूपमा विभाजन गर्न सकिन्छ । त्यस्तै अर्थका आधारमा यस्ता शब्द नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी क्रियाविशेषण, संयोजक, विस्मयादिबोधक र निपात रहेका छन् । यी विभिन्न शब्दवर्गहरूमध्ये छबिसेली भाषिका र नेपाली भाषामा हुने रूपायन, नाम, सर्वनाम, विशेषण र क्रियाको निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## ४.२ नामका आधारमा रूपायन व्यवस्था

रूप  साधक, प्रंत्यय लाग्न सक्ने र कुनै वस्तु, स्थान अवस्था आदिको परिचय बताउने शब्द नाम हुन् (पराजुली, २०५३ : ३२)  । नामलाई संज्ञा वा विशेष्य पनि भनिन्छ । नामलाई दृश्य वा अदृश्य, सङ्ख्येय वा असङ्ख्येय एवम् मानवीय वा मानवेत्तरका हिसावले छुट्याउन सकिन्छ । जस्तै : पुस्तक, फुल, सगरमाथा दृश्य वस्तु वा नाम हुन् , दया, माया, सुख, दु:ख, धैर्य आदि अदृश्य नाम हुन्, त्यस्तै पुस्तक, मानिस, रूख जस्ता एक वचन र बहुवचनयुक्त (शब्दहरू) नाम सङ्ख्येय नाम हुन् भने दया, माया, दु:ख, सुख, पानी, धैर्य जस्ता एकवचन मात्र प्रयुक्त हुने शब्दहरू असङ्ख्येय नाम हुन् त्यसै गरी मानवजातिसँग सम्बन्धित जस्तो राम, हरी, गिता, निता, सीता मानवीय नाम हुन् भने मानवबाहेक अन्य जातिका नामहरू जस्तै : गाई, भैसी, रूख, सगरमाथा आदि मानवेत्तर

नाम हुन् । नामको लिङ्ग, वचन, आदर आदिका आधारमा निम्नानुसार अछामी छबिसेली भाषिकामा रूपायन गर्न सकिन्छ ।

### ४.१.१ लिङ्गका आधारमा नामको रूपायन

लिङ्ग भनेको पुरूष वा स्त्रीको भिन्नतालाई जनाउने व्याकरणिक कोटि हो । अछामी छबिसेली भाषिकामा नामको लिङ्ग व्यवस्थामा रूपायन निम्नानुसार देखिन्छ ।

तालिका २४

नामको लैङ्गिक रूपायन

| छबिसेली | | नेपाली | |
|---|---|---|---|
| पुरूष | स्त्री. | पु. | स्त्री. |
| बैकान | वैकिनी | लोग्ने | आइमाई |
| छोऱ्याट्टा | छोर्याट्टी | केटा | केटी |
| बाउजु | मुतारी/महतारी | बुबा | आमा |
| बाज्यौ | बजी/बज्यै | हजुरबुबा | हजुर आमा |
| पुसाइ | फु | फुपाजु | फुपू |
| पोइ | जोइ | लोग्ने | स्वास्नी |
| भाउ | बैनी | भाइ | बहिनी |
| दाजी | दि | दाजु | दिदी |
| सौराज्यु | जिउ | ससुरा बुबा | सासु आमा |
| छेत्री | छेत्रिनी | कान्छा बुबा | कान्छी आमा |
| ढोली | ढोलेनी | दमाइ | दमिनी |

छबिसेली भाषिकामा नाममा लिङ्गको रूपायन हुँदा स्तरीय नेपाली भाषा भन्दा भिन्न शब्दहरूको प्रयोग जस्तै : बैकान-बैकिनी, छोऱ्याट्टो-छोऱ्याट्टी, ढोली-ढोल्यानी आदि प्रकारले हुने गरेको पाइन्छ । जुन रूपहरू स्तरीय नेपालीमा भेटिदैनन् । यसरी छबिसेली भाषी विद्यार्थीहरूले स्तरीय नेपालीमा यस्ता शब्दहरूको प्रयोग गर्दा त्रुटि मानिन्छ । यी शब्दहरू स्थानीय बोलीचालीका लागि मात्र उपयुक्त मानिन्छन् ।

### ४.१.२ वचनका आधारमा नामको रूपायन

नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । (अधिकारी, २०६२ : ८०) अछामी छबिसेली भाषिकामा नामले एकवचन र बहुवचन गरी दुई वचनलाई स्पष्ट पार्छ ।

तालिका २५

नामको वचनका आधारमा रूपायन

| एकवचन | | बहुवचन | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| किताप | किताब | किताप | किताब |
| भैँसो | भैँसी | भैँसा | भैँसीहरू |
| बैनी | बहिनी | बैना | बहिनीहरू |
| बल्ल | गोरू | बल्ल | गोरूहरू |
| रूख | रूख | रूख | रूखहरू |
| आम | आँप | आम | आँपहरू |
| दोकान | पसल | दोकान | पसलहरू |
| चोतो | मुला | चोता | मुलाहरू |
| राम | जात्रा/मेला | राम | जात्राहरू |
| चिलगाडी | हवाइजहाज | चिलगाडी | हवाइजहाजहरू |
| आँसी | हँसिया | आँसी | हँसियाहरू |

नेपाली मानक भाषामा आएका एक वचनलाई बहुवचनमा बदल्दा 'हरू' लाग्छ भने अछामी छबिसेली भाषिकामा आएका एकवचन शब्दहरूलाई बहुवचन बनाउदा मूल शब्दमा आ प्रत्यय लागेर बहुवचन बन्ने गरेको पाइन्छ । साथै विशेषणपद र क्रियापदका आधारमा मात्र बहुवचन छुट्याउन सकिन्छ ।

### ४.१.३ आदरका आधारमा नामको रूपायन

आदरले पनि व्यकरणात्मक कोटि दर्शाउछ (पराजुली, २०५३ : ४७) । अछामी छबिसेली भाषिकामा आदर दुई प्रकारका भेटिन्छन् । जस्तो समान्य आदर र अनादर

तालिका २६

नामको आदरका आधरमा रूपायन

| अनादर | | आदर | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| छोरो/गेल | छोरो | छोरा/गेल | छोरा |
| मान्छय/माइस | मानिस | मान्छ्या | मानिस |
| भाउ | भाइ | भाउ | भाइ |
| छोन्याट्टो | केटो | छोन्याट्टा | केटा |

स्तरीय नेपाली भाषामा अनादरवाची शब्द 'ओ' प्रत्यय लागेर आएका आदरवाचीमा 'आ' प्रत्यय लागेर प्रयोग हुन्छन् । अछामी भाषिकामा अनादरमा आएका ओकारान्त शब्दलाई आदरवाचीमा परिवर्तन गर्दा आकारान्त रूप पाइन्छ । अन्यमा आदरको आधारमा रूपायन भएको पाइँदैन । यो पनि वचनको जस्तै विशेषण पद वा क्रियापदका आधारमा मात्र छुट्याउन सकिने कुरा माथिको तालिकाबाट स्पष्ट हुन्छ ।

### ४.१.४ कारकका आधारमा नामको रूपायन

वाक्यमा नाम वा सर्वनामको क्रियापदसँगको सम्बन्धलाई कारक भानिन्छ । अछामी छबिसेली भाषिकामा पनि नेपाली भाषामा जस्तै कारक दुई प्रकारले विभाजन गरिएको पाइन्छ । जसमा संरचनाका आधारमा सरल र तिर्यक तथा कार्यका आधारमा छ प्रकारमा विभाजन गर्न सकिन्छ । जसलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

तालिका २७

संरचनाका आधारमा कारक

| सरल | | तिर्यक | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| धारो | धारो | धाराम्मो | धारामा |
| दाजी | दाइ | दाजीले | दाजुले / दाइले |
| बाउजु | बुवा | बाउजुले | बुवाले |
| छोऱ्याट्टो | केटो | छोऱ्याट्टाले | केटाले |

स्तरीय नेपाली भाषामा विभक्ति आदर र बहुवचनवोधक प्रत्येय थपिदा तिर्यक कारक बन्दछन् । अछामी भाषिकामा सरल कारकमा ओकारान्त शब्दहरू तिर्यक कारकमा परिवर्तन हुँदा आकारान्त हुन्छन् । जस्तै : धारो = धाराम्मो, छोऱ्याट्टो = छोर्याट्टाले, बाउजु=बाउजुले आदि ।

त्यस्तै कार्यका आधारमा कारकको निम्न प्रकारका छन् :

तालिका २८

कार्यका आधारमा कारक

| कारक | विभक्ति | छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|---|
| कर्ता | प्रथमा | हामुले, घरबाटि | हामीले, घरबाट |
| कर्म | द्वितीया | उइकन, मुकन | उसलाई, मलाई |
| करण | तृतीया | मुइले, मुबाटि | मैले, म बाट, म द्वारा |
| सम्प्रदान | चतुर्थी | त्यइकन, तकन, उइका लागि, हाम्मा निम्ति | त्यसलाई, उसका लागि, हाम्रानिम्ति |
| अपादान | पञ्चमी | खेतबाटि, मेलाउदो, बाटाउणो, | खेतदेखि, बनबाट, बाटाबाट |
| सम्बन्ध | षष्ठी | उइको, उइका, उइकी, तेरो, तेरा, मेरी, आप्नो, आप्ना, आप्नी, | उसको, उसकी, उसका, आफ्नो, आफ्ना, आफ्नी |
| अधिकरण | सप्तमी | घरमा | घरमा |

उपर्युक्त तालिका हेर्दा छबिसेली भाषिका र स्तरीय नेपाली दबैमा सात वटा विभक्तिहरू देखिन्छन् र तिनको समान अर्थमा प्रयोग भएको पाइन्छ । तर छबिसेली भाषिकामा केही विभक्तिहरू भिन्न पनि रहेका छन् । स्तरीय नेपालीमा प्रयोग हुने ले, कन, निम्ति र षष्ठी विभक्तिहरू दुबै भाषामा समान रूपमा प्रयोग भएका पाइन्छन् । जस्तैः हामुले उइकन त्यइलाई, मुइले, तकन जस्ता प्रयोगहरू स्तरीय नेपाली भन्दा भिन्न देखिन्छन् । यी प्रयोगहरू स्तरीय नेपालीमा त्रुटिपूर्ण मानिन्छन् ।

## ४.२ सर्वनामको रूपायन

सर्वनामको शब्दको रूपायन समूहलाई सर्वनामको रूपायन भनिन्छ । सर्वनामको रूपायन वचन, पुरूष र आदरका आधारमा गरिन्छ ।

### ४.२.१ वचन र पुरूषका आधारमा सर्वनामको रूपायन

वचन नामिक पदको सङ्ख्यासँग सम्बन्धित व्याकरणिक कोटि हो (अधिकारी, २०५६ : २०) ।सर्वनाम स्तरीय बहुवचन दुबैमा रूपायित हुन्छ । जस्तै :

तालिका २९

वचन र पुरूषका आधारमा सर्वनामको रूपायन

| एकवचन | | | बहुवचन | |
|---|---|---|---|---|
| पुरूष | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| प्रथम | मु | म | हामी,हामु | हामीहरू |
| द्वितीय | तु, तुमी | तँ, तिमी, तपाई | तुमी,तोमी | तिमीहरू,तपाईहरू |
| तृतीय पुरूष | या,इँ,त्यो,ति,उ | यो,यी,यिनी,त्यो,तिनी,ऊ, उनी | तुमीहरू,तोमी,इँ, ति,उ | यिनीहरू,तिनीहरू, उनीहरू |

माथिको तालिकामा ठाडो तालिकाले पुरूष जनाउँछ भने तेस्रोले वचन जनाउँछ । स्तरीय नेपाली भाषामा प्रंथम पुरूष एकवचन र बहुवचन म लाई, हामी, द्वितीय पुरूष एकवचन र

बहुवचनमा तिमी, तृतीय पुरूष एकवचन यो, यी, यीनी, त्यो, तिनी, ऊ, उनी लाई बहुवचनमा यिनीहरू तिनीहरू, उनीहरू प्रयोग भएको पाइन्छ । अछामी छबिसेली भाषिकामा प्रथम पुरूष एकवचनमा मु,मो लाई बहुवचनमा हामी,हामु द्वितीय पुरूष एकवचनमा तु,तुमीलाई बहुवचनमा तुमी,तोमी, तृतीय पुरूष एकवचनमा यो, इँ, त्यो, ति, उ लाई बहुवचनमा इ, ति, ऊँ, वाँ प्रयोग भएको पाइन्छ साथै विशेषण पद र क्रियापदबाट मात्र बहुवचन छुट्याउन सकिन्छ ।

### ४.२.२ आदरको आधारमा सर्वनामको रूपायन

अछामी छबिसेली भाषिकामा कारक पनि सर्वनामको कोटिका रूपमा देखा पर्दछ । कारकीय सम्बन्ध व्यक्त गर्नका निम्ति सर्वनाममा दुई रूप बन्दछन्, सरल र तिर्यक ।

तालिका ३०

आदरको आधारमा सर्वनामको रूपायन

| सरल कारक | | तिर्यक कारक | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| मु | म | मुइले | मैले |
| तु | तँ | तोइले | तैले/ तिमिले |
| उ | ऊ | उइले | उसले |
| यो | यो | यइले | यसले |
| त्यो | त्यो | त्यइले | त्यसले |
| तुमी | तपाई /हजुर | तुमीले/तोमीले | तपाईले/हजुरले |
| हामी | हामी | हामुले | हामीले |

माथिको तालिका हेर्दा छबिसेली भाषिकामा सर्वनामको तिर्यकीकरण गर्दा हामी-हामु, उ-उइ, त्यो- त्यइ, ऊँ-उनु, ती-तिनु, म-मुइ, त्यो- त्यइ, यो - यइ आदि भएर रूपायन भएको पाइन्छ । यसरी हेर्दा स्तरीय नेपाली र छबिसेली बिच सामान्य बोलीचालीका आधारमा स्थानीय रूप प्रयोग गरिए पनि स्तरीय नेपाली सिक्दा यस्ता रूपहरूको प्रयोगबाट रूपायन गर्दा त्रुटि मानिन्छ ।

## ४.३ विशेषणको रूपायन

लिङ्ग र वचनका आधारमा विशेषणको रूप चल्नु नै विशेषणको रूपायन हो (अधिकारी, २०५६ : २२) । नाम जुन लिङ्ग वचन र आदरमा हुन्छ, विशेषण पनि त्यही लिङ्ग, वचन र आदरमा हुन्छ । विशेषणको रूपायन निम्न आधारमा हुने गर्छ ।

### ४.३.१ लिङ्गका आधारमा विशेषणको रूपायन

पुलिङ्ग र स्त्रीलिङ्ग का आधारमा विशेषणका निम्न रूप हुनु नै लिङ्गका आधारमा विशेषणको रूपायन हो । जस्तै :

तालिका ३१

लिङ्गका आधारमा विशेषणको रूपायन

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| सुकिलो/गोरो | गोरो/उज्यालो | सुकिली, गोरी | गोरी/उज्याली |
| मोट्टो, | मोटो | मोट्टी | मोटी |
| दुब्लो, | पातलो | दुब्ली | पातली |
| निको/राम्णो | राम्रो | निकी, राम्णी | राम्री |
| अल्सी | अल्छी | अल्सीनी | अल्छिनी |
| राम्णो छोऱ्याट्टो | राम्रो केटो | राम्णी छोऱ्याट्टी | राम्री केटी |

छबिसेली भाषिका र स्तरीय नेपाली भाषामा कतिपय विशेषण पदहरूमा समानता देखिए पनि केही फरक समेत पाइन्छ । जस्तै राम्णो-राम्रो, अल्सी-अल्छी, सुकिलो-गोरो आदि जस्ता फरक शब्दहरू देखिन्छन् । यस्ता स्थानीय मौलिक भाषिक रूपहरूले प्रयोग विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने भएकाले त्रुटिको सम्भावना बढी हुन्छ ।

### ४.३.२ वचनका आधारमा विशेषणको रूपायन

एकवचन र बहुवचनका आधारमा विशेषणको भिन्न भिन्न रूप हुनु नै वचनमा विशेषणको रूपायन हो । जस्तै :

तालिका ३२

वचनका आधारमा विशेषणको रूपायन

| एकवचन | | बहुवचन | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| राम्डो कलम | राम्रो कलम | राम्डा कलम | राम्रा कलमहरू |
| सुकिलो रमाल | सेतो रूमाल | सुकिला रमाल | सेता रूमालहरू |
| निको भाउ | राम्रो भाइ | निका भाउ/भाउ | राम्रा भाइहरू |
| राम्डी छोर्‍याट्टी | राम्री केटी | राम्डी छोर्‍याट्टी | राम्रा केटीहरू |

वचनका आधारमा छबिसेली भाषिका पुलिङ्गी विशेष्य भएमा रूपायन हुन्छ तर स्त्रीलिङ्गी विशेष्य भएमा एक वचनको विशेषणको प्रयोग हुन्छ रूपायन भएको पाइँदैन । जस्तै : राम्डी छोर्‍याट्टी- राम्डी छोर्‍याट्टी यसै गरी छबिसेली भाषिकामा बहुवचनको प्रयोग गर्दा स्तरीय नेपालीमा जस्तो 'हरू' प्रत्ययको प्रयोग गरिने गरिदैन । बहुवचनलाई विशेषण पद र क्रियापदका आधारमा मात्र छुट्याउन सकिने कुरा माथिको तालिकाबाट स्पष्ट हुन्छ ।

### ४.३.३ आदरका आधारमा विशेषणको रूपायन

अछामी छबिसेली भाषिकामा आदर पनि व्याकरणिक कोटिको रूपमा देखा पर्दछ । आदरका आधारमा विशेषणको रूपायन निम्न प्रकारले हुन्छ ।

तालिका ३३

आदरका आधारमा विशेषणको रूपायन

| आनादर | | आदर | |
|---|---|---|---|
| छबिसेली | स्तरीय नेपाली | छबिसेली | स्तरीय नेपाली |
| नानु भाउ | सानो भाइ | नाना भाउ | साना भाइ |
| कालो मान्छया | कालो मान्छे | काला मान्छ्या | काला मान्छे |
| ठुलो दाजी | ठुलो दाइ | ठुला दाजी | ठुला दाइ |

स्तरीय नेपाली र छबिसेली भाषिकाबिच आदरमा धेरै अन्तर देखिदैन । आदर अनादर गर्दा दुबैमा शाब्दिक भिन्नता बाहेक अन्यमा समानता देखिन्छ ।

## ४.४ क्रियाको रूपायन

क्रियापदको रूपायन लिङ्ग, वचन, पुरूष, काल, पक्ष, भाव र करण अकरणका आधारमा गरिन्छ ।

### ४.४.१ लिङ्गका आधारमा तुलना

लिङ्गका आधारमा नेपालीमा क्रियाको रूप दुई प्रकारको हुन्छ । मानवीय स्त्रीलिङ्गका लागि एक किसिमको र अन्य सबै सजीव निर्जीव नामिक पदका लागि अर्कै किसिमको क्रियापदको प्रयोग हुन्छ । जस्तै :

तालिका ३४

लिङ्गका आधारमा तुलना

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| दाजी घरूडा आच्छिन । | दाइ घरमा छैनन् । | दि आच्छिन । | दिदी छैनन् । |
| छोर्‍याट्टो सियो । | केटो सुत्यो । | छोर्‍याट्टी सिई । | केटी सुती । |
| लोग्न्या हँट्यो । | लोग्ने हिड्यो । | बैकिनी हँटि । | आइमाई हिँडी । |
| भाव कापी पड्डो छ । | भाइ किताब पढ्छ । | बैनी पानी ल्याउँदिछ । | बहिनी पानी ल्याउँछ । |
| पुसाइ हाम्मा घर आया । | फुपा हाम्रा घरमा आउनु भयो । | फु हाम्मा घर आइन् । | फुपू हाम्रा घर आइन् । |

माथिका उदाहरणमा छबिसेली भाषिकाको क्रियापदमा पुलिङ्गमा ‘ओ’ प्रत्यय लागेर बनेको क्रियापदमा स्त्रीलिङ्ग बनाउदा ‘इ’ प्रत्यय लागेको पाइन्छ ।

### ४.४.२ वचनका आधारमा क्रियापदको रूपायन

वचनको आधारमा क्रियापदको रूपायन हुँदा नामिक पद एकवचनको भएमा क्रिया पनि एकवचन कै हुन्छ भने नामिक बहुवचन भएमा क्रियापद पनि बहुवचनमा हुन्छ ।

तालिका ३५

वचनका आधारमा क्रियापदको रूपायन

| छबिसेली अछामी भाषिका | वचन | स्तरीय नेपाली |
|---|---|---|
| रूख है पात झड्यो । | एकवचन | रूखबाट पात झर्‍यो । |
| रूख है पात झड्या । | बहुवचन | रूखबाट पातहरू झर्‍या । |
| ऊ गया धेकि दोकान बन्दै छ । | एकवचन | ऊ गएदेखि पसल बन्द छ । |
| ऊ गया धेकि दोकान बन्दै छन् । | बहुवचन | ऊ गएदेखि पसलहरू बन्दछन् । |
| निकि बैकिनी गै । | एकवचन | असल आइमाई गई । |
| निकि बैकिनी गइन् । | बहुवचन | असल आइमाईहरू गए । |
| हाम्मो भाउ आयो । | एकवचन | हाम्रो भाइ आयो । |
| हाम्मा भाउ आया । | बहुवचन | हाम्रा भाइहरू आए । |

स्त्रीलिङ्गी क्रियामा छबिसेली भाषिकामा आदरवाची एकवचनको क्रियापद बहुवचनमा प्रयोग हुन्छ । तसर्थ स्त्रीलिङ्गमा रूपायन हुँदैन । पुलिङ्गमा मात्र रूपायन हुन्छ । जुन कुरा माथिका वाक्यहरूबाट स्पष्ट हुन्छ ।

### ४.४.३ पुरूषका आधारमा क्रियाको रूपायन

सर्वनामद्वारा प्रकट हुने व्याकरणिक कोटि पुरूष हो (पराजुली, २०५३ : १६) । यसले क्रियाको व्यापारमा संलग्न व्यक्तिलाई बुझाउँछ । पुरूषका आधारमा क्रियाको रूपायन निम्नानुसार हुने गर्छ ।

तालिका ३६

पुरूषका आधारमा क्रियाको रूपायान

| पुरूष | छबिसेली अछामी भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| प्रथम पुरूष | मु खाँदो छु । हामी गेडा खाँदा छु | म खान्छु । हामी खाजा खान्छौ |
| द्वितीय पुरूष | तुमीले भात खाया । | तिमीले भात खायौ । |
| तृतीय पुरूष | उल्ले खेत खन्यो । | उसले खेत खन्यो । |

पुरूषका आधारमा समेत स्तरीय नेपाली र छबिसेली भाषिकाबिच देखिने अन्तरलाई माथि नै चर्चा गरिसकेकाले यहाँ थप चर्चा गरिएको छैन ।

### ४.४.४ आदरका आधारमा क्रियाको रूपायन

आदरले पनि व्याकरणात्मक कोटिलाई दर्साउछ । विशिष्टता वा सम्मानका तहहरू जनाउन प्रयोग गरिने वाक्यीय रूप वा क्रियात्मक भिन्नतालाई आदरार्थी भनिन्छ । स्तरीय नेपालीमा आदरार्थलाई पाँच तहमा बाँडिएको छ (अधिकारी, २०६१, पृ.४२) ।

आदर रहित - तँ, उ, त्यो, यो

मध्यम आदर - तिमी, उनी, यिनी, तिनी, ती, यी

उच्च आदर - तपाई, उहाँ,

विशेष आदर - यहाँ , आफू, उहाँ,

उच्चतर आदर - हजुर

उच्चतम आदर - मौसुफ

तर छबिसेली भाषिकामा आदरका निम्न प्रकारका भेद मात्र देखिन्छन् ।

आदर रहित - तँ, ऊ, त्यो, यो

सामान्य आदर - तमी, ऊँ, ती, यी, तोमी

उच्च आदर - ताँ, वाँ, त्याँ, याँ

छबिसेली र नेपाली भाषामा आदरका आधारमा हुने रूपायनलाई निम्नानुसार वाक्यमा देखाइन्छ ।

तालिका ३७

आदरका आधारमा क्रियाको रूपायन

| छबिसेली | नेपाली |
|---|---|
| तु पड्डो छइ् । | तँ पढ्छस् । |
| तमी पड्डा छौ । | तिमी पढ्छौ । |
| ताँ पढ्याहोइ । | हजुर पढ्नुहोस् । |
| ती अल्कि लाउँदा छन् । | तिनी झुटा बोल्छन् । |
| वाँ सिदा भया । | उहाँ सुत्नु हुन्छ । |

अछामी छबिसेली भाषिकामा द्वितीय पुरूषका आदरसम्बन्धी तह तमी र ताँ गरी दुईवटा मात्र पाइन्छन् भने स्तरीय नेपालीमा तिमी, तपाई, यहाँ, आफू आदरवाचक नाम र मौसुफ गरी पाँच वटा पाइन्छन् । त्यस्तै उपर्युक्त तालिका अनुसार छबिसेली भाषिकामा ऊ, ती, यी र याँ, वाँ, त्याँ, ऊँ, ती, यी चाही स्तरीय नेपालीका यिनी, तिनी, उनी र यी, ती काम समकक्षी देखिन्छन् भने वाँ, त्याँ, याँ चाही स्तरीय नेपालीका विशेष र उच्च आदरका समकक्षी मानिन्छन् । स्तरीय नेपालीमा हुने उच्चतर र उच्चतम तह छबिसेली भाषिकामा प्रयोग भएका पाइदैनन् । आदरको रूपयान द्वितीय र तृतीय पुरूषमा मात्र हुने भएकाले त्रुटि पनि ती दुबै पुरूषमा हुने देखिन्छ । स्तरी नेपालीमा आदरका तह पाँच वटा छन् तर छबिसेलीमा आदरका तह दुई वटा मात्र हुने भएकाले त्रुटि हुने सम्भावना बढी देखिन्छ । जस्तै : तमीको संरचना तपाईसँग मिले पनि अर्थगत भिन्नता रहेको पाइन्छ ।

### ४.४.५ कालका आधारमा क्रियाको रूपायन

क्रियाको रूप र त्यस रूपमा वर्णित व्यापार वा व्यवस्था र समय माझ हुने सम्बन्धलाई काल (समय) भनिन्छ । काल क्रियापदको समय सङ्केत कोटि हो (पराजुली, २०५३:८७) ।

माथि दिइएका परिभाषाका आधारमा काल भन्नाले क्रियाद्वारा व्यक्त हुने कार्यव्यापार, अवस्था वा घटना घटित भएको हुने समय विशेषलाई जनाउने व्याकरणात्मक कोटि हो भन्न

सकिन्छ । काल दुई प्रकारका छन्  भूत र अभूत यस अन्तर्गत वर्तमान र भविष्यत काल पर्दछन् । जसको निम्न प्रकार वर्णन गर्न सकिन्छ ।

### ४.४.५.१ भूतकाल

भूतकाल भनेको वितेको समय बुझाउने क्रियाको रूप हो (पराजुली, २०५३:८७) । ए, यौ, इस, यो, इन, ई, आदि प्रत्यय लागेर बनेका क्रियाले भूतकाल जनाउँछ । अछामी छबिसेली भाषिकामा निम्नलिखित उदाहरणबाट भूतकालबोधक प्रत्यय स्पष्ट हुन्छ । जस्तै :

तालिका ३८

भूतकालका आधारमा क्रियाको रूपायन

| काल | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| भूत | तुमीले किताप पड्या । | तिमीले किताब पढ्यो । |
| | दिले चिठी लेखी | दिदीले चिठी लेखिन । |
| | उल्ले खाना खाएछ । | उसले खाना खाएछ । |
| | हामुले किताप पड्यौ । | हामीले किताब पढ्यौ । |
| | मुइले भात खायाँ । | मैले भात खाए । |
| | तमीले भात खायो । | तिमीले भात खायो । |

छबिसेली भाषिकामा भूतकालिक क्रियापद धातुमा याँ, यौ, इँन, यौ, ई प्रत्यय लागेर बनेका हुन्छकन् । स्तरीय नेपालीमा यँ, यौ, इस, यौ, यी प्रत्ययहरू धातुमा गाँसिएर भूतकालिन क्रियापद निर्माण भएका पाइन्छन् ।

### ४.४.५.२ वर्तमान काल

वर्तमान कल भनेको तत्काल चलिरहेको समय बुझाउने क्रियाको रूप हो (पराजुली, २०५३:८८) । वर्तमान काल बोधक छ, छौ, छस्, छेस्, छिन् प्रत्यय लागेर बन्दछ । छबिसेली भाषिकामा वर्तमान काल बुझाउने निम्न रूपहरू प्रयोग हुन्छन् । जस्तै :

तालिका ३९

वर्तमानकालका आधारमा क्रियाको रूपायन

| काल | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| वर्तमान | मु हाँस्दो छु । | म हाँस्छु । |
| | हामी पड्डाछौ । | हामी पढ्छौ । |
| | ऊ हाँस्दो छ । | ऊ हाँस्छ । |
| | ऊ हाँस्दि छ । | ऊ हाँस्छे । |
| | मु भात खाँदो छु । | म भात खान्छु । |
| | हामी भात खाँदा छौं । | हामी भात खान्छौ । |

वर्तमान कालिन प्रत्ययलाई हेर्दा छबिसेली र स्तरीय नेपाली कर्तासँग क्रियाको समान सङ्गतिद्वारा वाक्य गठन भएको देखिन्छ । तर दुबैमा रूपगत भिन्नता देखिन्छ ।

### ४.४.५.३ भविष्यत काल

भविष्यत काल भनेको पछि आउने समय बुझाउने क्रियाको रूप हो (पराजुली,२०५३:८८) । नेछु, नेछौ, नेछ, नेछस्, नेछन् आदि प्रत्यय लागेर भविष्यत काल बन्दछ । अछामी छबिसेली भाषिकामा यीनै पत्यय रूपको योग भएर भविष्यत कालिन क्रियापद बन्दछन् । जस्तै :

तालिका ४०

भविष्यत कालका आधारमा क्रियाको रूपायन

| काल | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| भविष्यत | मु पडन्या छु । | म पढ्ने छु । |
| | तु निदाइ रहन्या छस । | तिमी सुति रहने छौ । |
| | ऊ भोलि चिठी लेख्न्या छ । | ऊ भोलि चिठी लेख्ने छ । |
| | हामी भात खान्या छौं । | हामी भात खानेछौं । |

भविष्यत कालमा स्तरीय नेपाली धातुमा 'नेछ' का रूप लागेर क्रियापदको निर्माण भएको पाइन्छ भने छबिसेली भाषिकामा न्याछु, न्याछौ, न्याहौ जस्ता रूप प्रयोग भएको पाइन्छ । छबिसेली

भाषिकामा स्तरीय नेपालीको जस्तो लिङ्ग, भेद पाइदैन साथै प्रथम पुरूषमा वचन भेद नहुने कुरा पनि उपर्युक्त तालिकाबाट स्पष्ट हुन्छ ।

### ४.४.६ पक्षका आधारमा क्रियाको रूपायन

व्याकरणात्मक कोटि पक्षले क्रियाका कालको अवधि वा अवस्थालाई बुझाउँछ (पराजुली, २०५३:९०) । पक्षले खास कालको परिवेशभित्र क्रियाका कार्यको प्रवृत्ति तथा वितरणलाई जनाउँछ । त्यसैले यसबाट क्रियाको विभिन्न अवस्था वा चरणहरू व्यक्त हुन्छन् । नेपालीमा जस्तै अछामी छबिसेली भाषिकामा पनि पक्षका पाँच प्रकार पाइन्छन् ।

तालिका ४१

पक्षका आधारमा क्रियाको रूपायन

| पक्ष | छबिसेली अछामी भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| सामान्य भूत | मु पास भया । | म पास भए । |
| सामान्य वर्तमान | मु पास हुँदो छौ । | म पास हुन्छु । |
| समान्य भविष्यत | मु पास हुन्या छु । | म पास हुनेछु । |
| अपूर्ण भूत | मु चिठी लेख्तै छियाँ । | म चिठी लेख्दै थिए । |
| अपूर्ण वर्तमान | मु चिठी लख्तै छु । | म चिठी लेख्दै छु । |
| अपूर्ण भविष्यत | मु चिठी लेख्दै हुन्या छु । | म चिठी लेख्दै हुनेछु । |
| पूर्ण भूत | मुइले खाना खायाको छियाँ । | मैले खाना खाएको थिए । |
| पूर्ण वर्तमान | मुइले खाना खायाको छु । | मैले खाना खाएको छु । |
| पूर्ण भविष्यत | मुइले खाना खायाको हुन्या छु । | मैले खाना खाएको हुनेछु । |
| अज्ञात भूत | मुइले खाना खायाँ छु । | मेले खाना खाएछु । |
| अभ्यस्त भूत | मु काम गर्छयाँ । | म काम गर्थे । |

यसरी वर्तमान कालको अपूर्ण पक्षमा छबिसेली तथा स्तरी नेपालीका बिच वाक्यगठनमा अर्थगत समानता पाइन्छ तर रूपगत भिन्नता रहेको कुरा माथिको उदाहरणबाट स्पष्ट देखिन्छ । त्यसैगरी वर्तमानकालीन 'थि' रूपहरू छबिसेली भाषिकामा 'छि' भएर प्रयोग हुन्छ । जस्तै : थियो=छियो । त्यसैले स्तरीय नेपालीमा अपूर्ण पक्ष जनाउने तै, दै कृदन्त रूपका साथ कालबोधक

प्रत्ययहरू लागेर वाक्यगठन प्रयुक्त भएको पाइन्छ भने छबिसेलीमा दै, तै को समीभवन हुनुको साथै लिङ्गबोधक, आदरबोधक र वचनबोधक दाइ, दि जस्ता रूप चल्ने भएकाले तिनको सामान्यीकरणले गर्दा स्तरीय नेपालीमा त्रुटि सम्भावना देखिन्छ ।

## ४.७ करण अकरणका आधारमा क्रियाको रूपायन

वाक्यमा प्रयुक्त क्रियाले सकारात्मक भाव अभिव्यक्त गरेमा अकरण र नकारात्मक निषेधात्मक भाव व्यक्त गरेमा अकरण भनिन्छ । करण-अकरणका आधारमा निम्नानुसार क्रियाको रूपायन हुन्छ ।

तालिका ४२

करण अकरणका आधारमा क्रियाको रूपायन

| करण | | अकरण | |
|---|---|---|---|
| अछामी छबिसेली भाषिका | स्तरीय नेपाली | अछामी छबिसेली भाषिका | स्तरीय नेपाली |
| तु घर जा । | तिमी घर जाऊ । | तु घर नुजा । | तिमी घर नजाऊ । |
| घरमा बाउजु छन् । | घरमा बुबा छन् । | घरमा बाउजु आच्छिन । | घरमा बुवा छैनन् । |
| उनुले भात खाया छन् । | उहाँले भात खानु भएछ । | उनुले भात खायान छन् । | उनले भात खाएनछन् । |

अकरणलाई करणको सापेक्षतामा हेर्न जरूरी हुन्छ । किन भने क्रियाले सामान्यतः सकारात्मक कोटिको सङ्केत गर्दछ र त्यसमा नकारात्मक अर्थ दिने प्रत्यय ‘न’ थपिएपछि मात्र अकरण बन्दछ । अछामी भाषिकामा अकरण बनाउँदा, न, नो क्रियाको सुरू मध्ये र अन्त्य भागमा थपिन्छ ।

## ४.८ भावका आधारमा वाक्यको तुलना

क्रियाद्वारा बुझिने वक्ताको मनोभाव वा मनोवृत्तिलाई भाव भनिन्छ । अछामी छबिसेली भाषिकामा पनि नेपाली भाषामा जस्तैः भाव पाँच प्रकारका रहेका छन् । ती हुन् : निश्चयार्थक,

आज्ञार्थक , सम्भावनार्थक , इच्छार्थक  र सङ्केतार्थक । जसको तालिकामा निम्नानुसार चर्चा गर्न सकिन्छ ।

तालिका ४३

भावका आधारमा वाक्यको तुलना

| भाव | छबिसेली भाषिका | स्तरीय नेपाली |
|---|---|---|
| निश्चयार्थक | मुइले किताप पडें । | मैले किताब पढें । |
| | सिता गित गाउँनिछिन् । | सीता गीत गाउँछे । |
| | मु भोली चिठी लेख्न्याछु । | म भोलि चिठी लेख्नेछु । |
| आज्ञार्थक | तु साँटा भात खा । | तँ छिटो भात खा । |
| | तुमि भात रोटी खाव । | तिमी भात रोटी खाऊ । |
| | तुमि चिठि लेख । | तिमी चिठी लेख । |
| | तु घरै बस । | तँ घरमै बस । |
| सम्भावनार्थक | आज मेग आवला । | आज पानी पर्ला । |
| | मु बाछाकि शिकार खाउँला । | म बेलुका मासु खाउँला । |
| | उँ छकाल चाहा खाला । | ऊ बिहान चिया खाला । |
| | उँ बाछाकि रोटा खाला । | ऊ बेलुका रोटी खाला |
| इच्छार्थक | मु किताप पडुँ । | म किताब पढूँ । |
| | हामी घर जावौं । | हामी घर जाऔं । |
| | उ घर बसोस् । | ऊ घर बसोस् । |
| सङ्केतार्थ | तुमी आय मु जान्छु । | तिमी आए म जान्छु । |
| | निकहरी पडेमा पास होइन्छ । | राम्रोसँग पढेमा पास भइन्छ । |
| | आज भाउ आया काम होला । | आज भाइ आए काम होला । |
| | अन्न भएन भन्या भोकै मरिन्छ । | खाना भएन भने भोकै मरिन्छ । |
| | उनुले बोलाया तुमीले जानु । | उनले बोलाएमा तिमी जाऊ । |

छबिसेली तथा स्तरीय नेपाली दुबैमा वाक्यलाई अर्थ र संरचनाका आधारमा वर्गीकरण गरिएको पाइन्छ । अर्थका आधारमा सामान्यार्थ, प्रश्नार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, र सङ्केतार्थमा विभाजन गरिएको पाइन्छ । यसरी अर्थका आधारमा वाक्य गठन प्रक्रियामा दुबैमा

समान रूप भएको पाइन्छ । तर शब्द भण्डारगत, ध्वनिगत र प्रत्ययगत भिन्नता यहाँ पनि विद्यमान देखिन्छ । त्यस्तै आज्ञार्थ भाव द्वितीय पुरूष मात्र भएकाले त्यसमा स्तरीय नेपाली सिक्दा आदरार्थी र बहुवचनमा त्रुटि हुन सक्छ किनभने छबिसेलीमा सामान्य आदरको एकवचन र बहुवचनमा एउटै क्रिया हुन्छ भने उच्चआदरार्थीको संरचना नै फरक छन् ।

## ४.९ सारांश

छबिसेली भाषि बक्ताहरूले भाषिक व्यवहार गर्दा वाक्य गठन कर्ता+कर्म+क्रियाको आधारमा नै गर्ने गरेको पाइन्छ । मुलतः छबिसेली भाषि विद्यार्थीहरूको भाषा स्तरीय नेपाली भाषा भन्दा कथ्य रूपमा भिन्न देखिन्छ । जस्तै : मुइले पडे=मैले पढेँ, लेख्याछु=लेख्नेछु, रोटा=रोटी, चाहा=चिया आदि थुप्रै विभिन्नताहरू देखिन्छ् । यसर्थ कथ्य भाषामा फरक भए जस्तै , वाक्यमा काल, पक्ष र भावमा समेत क्रियाको फरक फरक स्थिति भए पनि लिङ्ग र वचन पुरूषमा समान क्रियाको प्रयोग हुने गरेको समेत पाइन्छ । त्यस्तै सर्वनामको तीर्यकिकरण गर्दा हामी- हामु, उ -उइ, त्यो - त्यइ, ऊ - उनु, ती - तिनु, म - मुइ, यो - यइ आदि भएर रूपायन भएको पाइन्छ । साथै वचनको आधारमा छबिसेली भाषिका पुलिङ्गी विशेष्य भएमा रूपायन हुन्छ तर स्त्रीलिङ्गी विशेष्य भएमा एकवचनको नै विशेष्य प्रयोग हुन्छ रूपायन भएको पाइदैन् ।

नामपदावली र क्रियापदावलीका अतिरिक्त शब्द निर्माणका लागि क्रियायोगी पदावली नामयोगी पदावली, विशेषण पदावली दुबैमा वाक्य निर्माणमा प्रयुक्त हुन्छन् । यी पदावलीहरूको दुबैमा समान रूपमा प्रयोग भएको पाइन्छ । ध्वनिगत र रूपगत भिन्नता छबिसेली भाषिका र स्तरीय नेपाली भाषाबिचका फरक विषय वस्तुहरू हुन् ।

# अध्याय : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने अछाम जिल्ला एक पहाडी जिल्ला हो । भाषा तथा संस्कृतिको हिसाबले यो जिल्ला अत्यन्त समृद्ध छ । भाषा आफैमा एक महत्त्वपूर्ण निधि भएकाले पनि अछामी भाषिका र त्यसभित्रका विभिन्न क्षेत्रमा बोलिन अन्य भाषिक उपभेदहरूले अछाम जिल्लाको भाषिक मौलिकतालाई अझ माथि उठाउने काम गरेकोछ । यही सन्दर्भमा यस शोधपत्रमा अछामा जिल्लाको छबिस दरामा बोलिने छबिसेली भाषिकामा केही अन्तरबस्तुका बिच नेपाली मानक भाषामा फरक तथा शब्द भण्डार बोलि व्यवहारमा समेत अन्तर देखिएकाले उक्त छबिसेली भाषिका र स्तरीय नेपाली भाषाका वीच तुलनात्मक अध्ययन गरिएको छ । जसको पहिलो अध्यायमा शोधपत्रको परिचय समावेश गरिएको छ । यस अन्तर्गत, शोधपत्रको शीर्षक, प्रयोजन समस्याकथन, उद्देश्य पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययन विधि, अध्ययनको क्षेत्र तथा सीमा, अध्ययनका स्रोतहरू प्राथमिक र द्वितीयक स्रोत, अध्ययनको जनसंख्या, जनसंख्याको छनोट र शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

शोधपत्रको दोस्रो अध्यायमा भाषा र छबिसेली भाषिक भेदको परिचय अन्तर्गत भाषाको परिचय, नेपाली भाषाका भाषिकाहरू, अछामी भाषिकाको परिचय, छबिसेली भाषिकाको परिचय समावेश गरिएको छ । भाषिकाको सामान्य परिचयमा नेपाली भाषाका पुर्वेली, माझाली ओर पच्छिमा मझपच्छिमा र पर पच्छिमा भेदको परिचय र अछामी भाषिका र त्यस भित्रको छबिसेली उपभाषिका नेपाली भाषाको ओर पच्छिमा वर्ग अन्तर्गत पर्ने कुराको भाषाविद् बालकृष्ण पोखरेलको वर्गीकरणलाई आधार मानि चर्चा गरिएको छ । छबिसेली भाषिकाको प्रभाव क्षेत्र अछामको छबिस दरा क्षेत्रको भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक र शैक्षिक पक्षको समेत जानकारी दिइएको छु । त्यसै गरी अध्याय तिनमा छबिसेली भाषिकाको शब्दवर्गसँग तुलनात्मक अध्ययन गरिएको छ र अध्याय चार र पाँचमा क्रमशः छबिसेली भाषिक भेद र मानक नेपाली भाषामा रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन तथा वाक्य व्यवस्थामा स्तरीय नेपाली सिक्दा छबिसेली भाषिक भेद अन्तर्गतका विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ ।

यसरी छबिसेली अछामी भाषिका र मानक नेपाली भाषाका शब्दवर्ग, वाक्य व्यवस्था तथा रूपायन व्यवस्थाको तुलनात्मक अध्ययनमा आधारीत भई गरिएको यस अध्ययनको निष्कर्षमा नेपाली भाषाका विभिन्न भाषिकाहरू मध्ये ओर पच्छिमा वर्ग अन्तर्गत पर्ने छबिसेली भाषिका पनि एक अछामी भाषिका भित्रको उपभाषिक भेद हो । छबिस क्षेत्र भित्रका भाटाकाटियाँ, रामारोसन, बाटुलासेन, सुतार, शान्तडा र चाफामाडौं गा.वि.स.हरूमा बोलिने अछामी भाषिका भित्रको स्थानीय कथ्य भेदलाई छबिसेली भाषिका भनिन्छ । अध्ययनको क्रममा नेपाली मानक भाषाका केही शब्दहरूको छबिसेली भाषिकामा निम्न अनुसारको कथ्य रूप भेटियो ।

| छबिसेली भाषिकामा प्रयोग | स्तरीय नेपाली | छबिसेली भाषिकामा प्रयोग | स्तरीय नेपाली |
|---|---|---|---|
| नाउ | नाम | बाहाछाकी | बेलुका |
| धुलो | पिठो | बेली | हिजो |
| दुद | दुध | भिक्क | धेरै |
| दै | दही | हप/हप्र | माथि |
| धुकाल | धुवाँ | सजसजै | बिस्तारै |
| सुकिलो | सेतो | बेल | सूर्य |
| पेलो | पहेँलो | बल्ल | गोरू |
| चुकिलो | अमिलो | चन्डी | निधार |
| नौलो | नयाँ | छोऱ्याट्टो | केटो |
| नाप | थोरै | बैकिनी | आइमाई |
| अम्तो | पशस्त | लादो | पेट |
| मुइले | मैले | औतार | अनुहार |
| हामुले | हामीले | चट्या | कट्टु |
| बाइर | बाहिर | बिल्लो | बिरालो |
| छकाल | बिहान | सिकार | मासु |

माथि उल्लेखित शब्दहरूको छबिसेली भाषिकामा नाम, सर्वनाम, विशेषण, क्रियापदको रूपायन, लिङ्ग, वचन, पुरूष आदर, कारक, काल र पक्षका आधारमा स्तरीय नेपाली भाषा व्याकरण अनुसार नै हुने गरेको कुरा समेत अध्ययनबाट स्पष्ट हुन्छ । जस्तै :

पुलिङ्ग - छोऱ्याट्टो ⟶ केटो

स्त्रीलिङ्ग - छोऱ्याट्टी ⟶ केटी

एकवचन - दोकान ⟶ पसल

बहुवचन - दोकान ⟶ पसलहरू

अनादर - छोरो ⟶ छोरो

आदर - तुमी ⟶ तपाई

सरल कारक - बाउजु ⟶ बुबा

तिर्यक कारक - बाउजुले ⟶ बुबाले

सामान्य पक्ष - पड्याँ, पड्यो, पड्न्याँछ ⟶ पढे, पढ्यो, पढ्नेछ

पूर्ण पक्ष - पड्याँको छियाँ, पडेकोछु, पड्याको हुन्याछु ⟶ पढेको थिएँ, पढेकोछु, पढेको हुनेछु

अपूर्ण पक्ष - पड्डै छियाँ, पडिरह्याको छु, पड्डै हुन्याछु ⟶ पढ्दै थिएँ, पढिरहेको छु, पढ्दै हुनेछु

अज्ञात पक्ष - खायछु, निदायछु ⟶ खाएछु, सुतेछु

अभ्यस्त पक्ष - पड्छयाँ, खान्छयाँ ⟶ पढ्थे, खान्थे

अध्याय तिन र चारमा चर्चा गरिएका शब्दवर्ग र रूपायन व्यवस्थाको अध्ययनको क्रममा छबिसेली भाषिकामा नामको आदर चर्चा गर्दा ओकारान्त नाम आकारान्तमा परिवर्तन हुँदा अनादर आदरको भेद स्पष्ट हुन्छ । त्यसै गरी नामको कारकको चर्चा गर्दा ओकारान्त नाम आकारान्त नाममा परिवर्तन हुँदा अन्य नाम सन्दर्भले मात्र सरल र तिर्यक कारकका रूपमा छुटिन्छन् । त्यस्तै सर्वनामको आदर तो/तु/उ/यो/त्यो र आदरमा तुमि, तोमी, उ, इँ, ती जस्ता रूपहरू देखिएका छन् । अछामी छबिसेली भाषिकामा विशेषणको लिङ्ग भेद मानवीय नामसँग आउने विशेषणमा मात्र पाइन्छ । क्रियाका अन्य कोटि लिङ्ग, वचन, पुरूष र आदरलाई समेत काल, पक्ष र भावका आधारमा चर्चा गरिएको छ । छबिसेली भाषिकामा कालका पक्षको रूपायन कुनै न कुनै रूपमा लिङ्ग, वचन, पुरूष र आदरका आधारमा हुन्छ । त्यस्तै यस भाषिकामा करण र अकरणका आधारमा क्रियाको रचना गर्दा अकरणमा अग्र, मध्ये र पश्च भागमा न थपिन्छ । अविकारी शब्दको वर्गमा क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातको चर्चा गरिएको छ । जस्तै

स्तरीय नेपाली भाषामा प्रयोग हुने अव्ययहरू - बाहिर, माथि, तुरून्त, हिजो, राम्ररी, बेसरी, मुनि, बिना, भने, किनकी, ऐया ! छि ! ओ आदिको ठाउँमा छबिसेली भाषिकामा क्रमशः बाईर, मुथि, झट्ट, वेली, निकरी, बेसपाडी, तली, भन्या, क्यानकी, अइया, छि ! वो को रूपमा प्रयोग भएको पाइन्छ ।

त्यस्तै अध्ययनको क्रममा प्राप्त थप निष्कर्षलाई सारांशका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

१) छबिसेली उपभाषिकामा स्तरीय नेपाली भाषाका सबै एक स्वर, द्विस्वर र व्यञ्जन वर्णहरू कथ्य रूपमै पाइन्छन् । नेपाली भाषाको लेख्य रूपमा रहेको 'ण' वर्ण छबिसेलीमा कथ्य रूपमै पाइन्छ । जस्तै : राम्णो, चाम्णो, माणो

२) छबिसेली उपभाषिकामा स्तरीय नेपाली भन्दा बढी समीभवन भएको पाइन्छ । जस्तै

लेख्था > लेख्दा, हाम्मो > हाम्रा, राम्णो > राम्रो, अक्को > अर्को

३) छबिसेली भाषिकामा कतिपय ठाउँमा अल्पप्राणको महाप्राण र महाप्राणको अल्पप्राण भएको पाइन्छ ।

धेक्नु > देख्नु, माग > माघ, चलाक > चलाख, बाग > बाघ,

४) अछामी छबिसेली भाषिका र स्तरीय नेपाली दुबैमा नामको रूपायन लिङ्ग वचन र कारकका अधारमा हुन्छ । लिङ्गका आधारमा रूपायन हुदा छबिसेली तथा स्तरीय नेपाली दुबैमा इँ, आनी, यानी, एनी र इनी स्त्रीलिङ्गी प्रंत्यय लाग्ने व्यवस्थामा समानता पाइन्छ :

मुख्यानी आइन् > मुखिनी आइन्

छोऱ्याट्टी खाँदि छ > केटी खान्छे ।

वाम्नी पड्डी छन् > बाहुनी पढ्छिन् ।

ढोल्यानी काम हद्दी छ > दमिनी काम गर्छे ।

५) वचनका आधारमा नाम र सर्वनामको रूपायन हुँदा छबिसेली भाषिका र स्तरीय नेपाली भाषामा ओकारलाई आकारमा बदल्ने व्यवस्थामा समानता पाइन्छ । बहुवचन प्रत्ययमा भने भिन्नता देखिन्छ । किन भने स्तरीय नेपालीमा बहुवचन बोधक प्रंत्यय 'हरू' थपिन्छ भने छबिसेलीमा त्यस्तो कुनै वचन बोधक प्रत्यय छैन । छबिसेलीमा वचनको बोध क्रियाबाटै हुन्छ । यदि क्रियाबाट स्पष्ट नभए सबै, दुई, चार जस्ता विशेषणहरू थप्ने समेत गरेको पाइन्छ । जस्तै :

सबै रूख ढल्या > रूखहरू ढले ।

छोरा आयाँ > छोराहरू आए ।

मस्त माइस आया > धेरै मानिसहरू आए ।

६) छबिसेली र स्तरीय नेपाली दुबैको वाक्य गठनमा कर्ता र क्रिया बिचको पदसङ्गति देखिन्छ तर समान्य रूपगत भिन्नता देखिन्छ । जस्तै :

मु खाँदो छु > म खान्छु ।

ऊँ जाँदा छन् > उनीहरू जन्छन् ।

७) वाक्यका प्रकारलाई संरचनात्मक आधारमा सरल संयुक्त र मिश्र वाक्य गरी तिन प्रकार र अर्थका आधारमा समान्यार्थ, प्रश्नार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भानार्थ र सङ्केतार्थ गरी अध्ययन गर्न सकिने व्यवस्था छबिसेली उपभाषिका र स्तरीय नेपाली दुबैमा समान देखिएको छ तर दुबैमा रूपगत र प्रत्ययगत भिन्नता पनि भेटिन्छ ।

८) छबिसेली उपभाषिका भएका मातृभाषी वक्ताले स्तरीय नेपालीका वाक्यगठनमा शब्द प्रयोगका दृष्टिले पनि त्रुटि हुने देखिन्छ । किन भने छबिसेली भाषिकामा स्तरीय नेपालीका भन्दा भिन्न खाले केही शब्द भण्डारहरू रहेका छन् । जस्तै :

कप्पाल > टाउको, माठा > ढिला, बतु > बरू, हप्र > माथि, लादो > पेट आदि

अन्तमा अछामी छबिसेली भाषिकाको यस शोध शीर्षकको लागि गरिएको अध्ययन अनुसन्धान, खोज विधिबाट नेपाली भाषा र छबिसेली भाषिकाका बिच केही कथ्य रूपमा अन्तरवस्तुहरूका बिच भिन्न प्रयोग देखा परेता पनि खासमा नेपाली भाषा र छबिसेली भाषिकाका बिचमा असमानता भन्दा समानता नै बढीरहेको देखिन्छ । विभिन्न पूर्ववत अध्ययनहरूको निष्कर्षमा कसैले अछामी छबिसेली भाषिकालाई एक भाषिकाको रूपमा त कसैले उपभाषिक भेदका रूपमा चर्चा गरिएको भेटिएता पनि अझै यसको वास्तविक स्वरूपको अध्ययन अनुसन्धान गरी भाषिकालाई कथ्य रूप जस्तै : लेख्य रूपमा समेत विकास गरी सवै समक्ष पुऱ्याउन सके उक्त छबिसेली अछामी भाषिकाले एक मौलिक भाषिक भेदको रूप धारण गर्ने कुरामा विश्वास गर्न सकिन्छ ।

## ५.२ सुझावहरू

छबिसेली अछामी भाषिका र नेपाली भाषाको रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन शीर्षकमा आधारित यस शोधपत्रको अध्ययन अनुसन्धान पश्चात आवश्यक ठानिएका कुराहरूलाई

यहाँ शोधपत्रको अन्तमा सुझावको रूपमा प्रस्तुत गरिएको छ । जसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

१. अछामी छबिसेली भाषिका भित्र देखिएका मौलिक भाषिक व्यवहारहरूको निरन्तरताका लागि र विकासका लागि स्थानीय रूप मै यसको शब्दवर्ग सम्बन्धि अध्ययन र निर्माण गर्नु जरूरी छ ।

२. कथ्य रूपमा मात्र प्रयोग हुदै आएको यस भाषिकामा विभिन्न लेख्य सामग्री, पत्र-पत्रिका, स्थानीय पाठ्यक्रम तथा लेख रचनाहरूको लेखन र प्रकाशन गर्नु जरूरी छ ।

३. सानो प्रयास स्वरूप अछाम स्थित रामारोशन रेडियोबाट प्रसारण भइरहेको अछामी भाषाको समाचारमा सबै क्षेत्रमा बोलिने भाषिका जस्तै छबिसेली भाषिकालाई समेत उचित स्थान दिइनु पर्ने देखिन्छ ।

४. अछाम स्थित विभिन्न ठाउँहरूमा प्राप्त प्राचीन शिलालेख तथा अभिलेखहरूको संरक्षण र संबर्द्धन गर्नुका साथै थप खोजिनीति गर्नु पर्ने देखिन्छ ।

५. छबिसेली भाषिकाको विकासका लागि त्यस क्षेत्र भित्र रहेका विभिन्न संस्कृतिहरूमा स्थानीय होली, पुतला, देउडा खेल, पड्छो, न्याउल्या, बिसु तिहार आदि पर्वहरूमा छबिसेली भाषिकाको प्रयोगमा जोड दिनु पर्ने देखिन्छ ।

६. नेपाल सरकारको प्राथमिक तह सम्मको शिक्षा मातृ भाषा र स्थानीय भाषिका मै पाठ्यक्रम, पाठ्यपुस्तक तयार गरी प्रदान गर्ने नीति कार्यक्रम अनुरूप यस क्षेत्रका प्राथमिक तहमा अध्ययन अध्यापन गरिने विषयहरूमा इच्छाधीन १०० पूर्णाङ्कको पाठ्यक्रम छबिसेली भाषामा तयार गरी उक्त छबिस क्षेत्र भरीका विद्यालयहरूमा पठन पाठनका लागि तयार गर्न सम्बन्धित पक्षले पहल गर्नु पर्ने देखिन्छ ।

## ५.३ शैक्षणिक प्रयोजन

छबिसेली भाषिक भेद र मानक नेपाली भाषामा रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन शीर्षकको यस शोधपत्रको शैक्षणिक प्रयोजनलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ ।

- नेपाली भाषा भित्रका भाषिका र भाषिक उप भेदहरूको अध्ययनमा सहयोगी बन्नु,
- अछामी छबिसेली भाषिकाका विद्यार्थीहरूले  स्तरीय नेपाली सिक्दा शब्द वर्ग र वाक्य व्यवस्थामा गर्न सक्ने सम्भावित त्रुटिहरूको पहिचान गर्न सहयोग पुऱ्यानु,

- छबिसेली भाषिकामा तथा अछामी भाषिकामा स्थानीय पाठ्यक्रम निर्माण गर्न सहयोग पुऱ्याउनु,
- अछामी छबिसेली भाषिकामा विभिन्न लेख, रचना, पुस्तक, पत्रपत्रिका आदिको प्रकाशन गर्न सहयोगी बन्नु,
- अछाम जिल्लाको छबीस क्षेत्रको भाषिक प्रयोगको परम्परालाई अन्य ठाउँमा चिनाउन सहयोग पुऱ्याउनु आदि ।

## ५.४ भावी अध्ययनका सम्भाव्य शीर्षकहरू

भाषा विचार विनिमय तथा भावना आदान प्रदानको सशक्त माध्यम हो । मानिसहरू आफ्ना हरेक क्रियाकलाप भाषाकै माध्यमबाट पूरा गर्ने भएकाले यो एक मानवीय वस्तु हो । भाषा विकासका लागि यसका विविध क्षेत्रमा विभिन्न खालका अध्ययन अनुसन्धान र खोजविधि हुने गरेका छन् । भाषा आफैमा परिवर्तनशील वस्तु भएकाले हिजो आज गरेका कुनै पनि भाषा सम्बन्धि अध्ययनका प्रयासहरू भविष्यका लागि अपूर्ण हुन सक्दछन् । तसर्थ भाषा सम्बन्धि अध्ययन निरन्तर रूपमा समय सापेक्ष हुन जरूरी छ । विभिन्न भाषिकाहरूमध्ये अछामी भाषिकाको सम्बन्धमा हाल भए गरेका विभिन्न अध्ययनहरू भाषा विकासका लागि नगन्य रूप मै रहे पनि छबिसेली भाषिकाको सम्बन्धमा हाल सम्मकै यो शोत्रपत्र नै पहिलो अध्ययन विषय भएकाले यसबाट छबिसेली भाषिकाको सम्बन्धमा केही जानकारी प्राप्त गर्ने उद्देश्य राखिएको भए तापनि यस अध्ययनले सम्पूर्ण पक्षलाई न समेट्न सक्छ । यस सम्बन्धि थप जानकारी र यथार्थता प्राप्त गर्नका लागि थप शीर्षकहरूमा छबिसेली भाषिकाको अध्ययनलाई निरन्तरता दिनु पर्ने देखिन्छ । प्रस्तुत यस शोधपत्रमा अछाम जिल्लाको छबिस दरामा बोलिने छबिसेली भाषिक भेद र मानक नेपाली भाषामा रूपायन व्यवस्थाको तुलनात्मक अध्ययन गरिएको छ । छबिसेली भाषिकाको अन्य पक्षहरूको बारेमा समेत अध्ययन आवश्यक छ । यस भाषिका सम्बन्धि भावी अध्ययनका लागि केही अध्ययनका संभाव्य शीर्षकहरूलाई निम्नानुसार बुँदागतरूपमा प्रस्तुत् गर्न सकिन्छ :

क) अछामी छबिसेली भाषिकामा रहेका व्याकरणात्मक कोटिहरूको अध्ययन,

ख) अछामी छबिसेली भाषामा पद सङ्गति : एक अध्ययन,

ग) अछामी छबिसेली र नेपाली मानक भाषाको व्यतिरेकी अध्ययन,

घ) अछामी छबिसेली भाषिकामा उच्चारण प्रक्रियाको अध्ययन,

ङ) अछामी भाषिका भित्रको छबिसेली भाषिक उपभेदको अध्ययन,

च) अछामी भाषिकामा भाषिक उपभेदको तुलनात्मक अध्ययन,

छ) अछामी भाषिकामा उच्चारण व्यवस्थाको एक अध्ययन,

ज) छबिस दरामा बोलिने अछामी भाषिकामा कारक विभक्तिको अध्ययन,

झ) अछामी भाषिका र स्तरीय नेपालीमा वाक्यगठनसम्बन्धी तुलनात्मक अध्ययन,

ञ) मानक नेपाली र अछामी छबिसेली भाषिकामा रूपायन व्यवस्थाको व्यतिरेकी अध्ययन ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५२) **समसामयिक नेपाली व्याकरण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०६१), **समसामयिक सरल नेपाली व्याकरण,** काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव, पारसमणि भण्डारी (२०५९), **सरल नेपाली व्याकरण र रचना,** काठमाडौं : एकता बुक्स डिस्ट्रिव्यूटर्स ।

गौतम, राम प्रसाद (२०६१), **भाषिक अनुसन्धान विधि**, कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०५३), **राम्रो रचना मिठो नेपाली,** काठमाडौं : सहयोगी प्रेस ।

पोखरेल, बालकृष्ण (२०४७) **नेपाली भाषाको उत्पती,** काठमाडौं : भारद्वाज प्रकाशन ।

बन्धु, चूडामणी (२०५२) **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौं : साझा प्रकाशन ।

बन्धु, चुडामणी (२०६३), **अनुसन्धान प्रतिवेदन**, काठमाडौं : साझा प्रकाशन ।

बन्धु, खेम कोइराला र रामप्रसाद गौतम (२०६५) **अनुसन्धान विधि**, काठमाडौं : दीक्षान्त प्रकाशन ।

भट्टराई, डी.पी. (२०६७), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५), **अनुसन्धान विधि**, काठमाडौं : साझा प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लाम्साल रामचन्द्र (२०६२) **नेपाली भाषा र व्याकरण,** काठमाडौं : भुडीपुराण प्रकाशन ।

सुवेदी राजाराम (२०५८), **अछामको इतिहास,** काठमाडौ : न्यु नेपाल प्रेस ।

सिग्द्याल, सोमनाथ (२०५५), **मध्य चन्द्रिका,** (नवौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

## शोधपत्रहरू तथा पत्रपत्रिकाहरू


उपाध्याय, धनकृष्ण (२०६४) **कालीकोट जिल्लाको लालुलोखाडा क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानिय भेद र मानक नेपाली भाषाको वाक्य गठन सम्बन्धी तुलनात्मक अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

उप्रेती, मञ्जु (२०५५), **राजवंशी भाषाका व्याकरणिक कोटीहरूको तुलनात्मक अध्ययन,** स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

जोशी, खगराज (२०५०) **डोटेली भाषिका र नेपाली भाषाका व्याकरणीक कोटिको तुलनात्मक अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि. ।

ढकाल, ऋषिकेश (२०६२), **अछामी भाषिकामा पाइने विभिन्न व्याकरणात्मक कोटिको नेपाली मानक भाषासँगको तुलनात्मक अध्ययन,** स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

बोहरा, गणेश बहादुर (२०५९/०६१) **बझाङ्गी भाषिका र स्तरीय नेपाली भाषाको ब्यतिरेकी अध्ययन,** स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

रावल, प्रकाश (२०६७) **आठ बिसेली अछामी भाषिका र मानक नेपाली भाषाका कारक तथा विभक्तिको तुलनात्मक अध्ययन,** स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

शाही, हर्क वहादुर (२०५३) **अछामी भाषिका : एक अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

सोडारी, हिक्मत बहादुर (२०६७) **अछामी भाषिकामा रहेका व्याकरणात्मक कोटिको अध्ययन** स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

## परिशिष्ट 'क'

# प्रश्नावली

निम्न शब्द तथा वाक्यहरुलाई तपाईहरुको क्षेत्रमा कसरी बोलिन्छ ? कृपया जस्तो बोलिन्छ त्यस्तै रुपमा प्रस्तुत गरिदिनुहोला ।

नाम : गा.वि.स. :

पेशा : लिङ्ग : योग्यता :

| स्तरीय नेपाली | छबिसेली | स्तरीय नेपाली | छबिसेली |
|---|---|---|---|
| केटो | छोर्याट्टो | घर | घर |
| केटी | छोर्याटटी | माथि | मुथि/हप/हप्र |
| नाति | नाती | तल | तली |
| छोरो | फल्यौटो/छोरी | नदी | घाट/नदि |
| छोरी | फल्यौटी/छोरी | हजुरबा | बाज्यौ |
| बुबा | बाउजु/बा | हजुरआमा | बज्यै |
| आमा | मुतारी/आमा | हामीले | हामुले |
| फुपाजु | पुसाइ | उनले | उइले |
| भाइ | भाउ | तिमीले | तुइले |
| बुहारी | ब्वारी | कालो | कालो |
| फुपू | फू | असल | राम्डो/कामिलो |
| भाउजू | बौजु/बउजु | मोटो | मोटो |
| किताब | किताप/चोपडी | राम्रो | राम्डो |
| डाक्टर | डाङ्दार | सेतो | सुकिलो |
| मानिस | मान्छ्या | सानो | नानु |
| देश | देस | लोग्ने | पोइ |
| दुध | दुद | आइमाई | बैकिनी |
| रक्सि | दारु | दिदी | दि |
| तरकारी | तिउन | दाजु | दाइ/दाजी |

| | | | |
|---|---|---|---|
| दाल | दाल/तिउन | अहिले | अइले |
| मकै | घोगा | भोली | भोलि |
| गहुँ | गौ | बिहान | छकाल |
| मिठो | गुलियो | बेलुका | बाहाछाकि |
| जवान | तन्नेडी | रात्री | राती |
| अमिलो | चुकिलो | पूर्णिमा | पुनी |
| तितो | तिच्छडो | औंसी | आउँसी |
| सूर्य | बेल/सुर्जे | तिहार | त्यार |
| चन्द्रमा | जुन | दशैं | दसै |
| आगो | आगो | श्रावण | साउन |
| गोरु | बल्द | मासु | सिकार |
| भैसी | भइसी | सुत्नु | निदाउनु/सिनु |
| धेरै | भिक्क | खुट्टा | खुट्टा |
| थोरै | नाप | पिसाव | मुत |
| कहिले | कैले | दिसा | झाडा |
| बाह्र | बार | औला | आङ्ला |
| एघार | ग्यार | जिब्रो | जिउडो |
| तेह्र | तेर | ससुरा | सौरा ज्यू |
| डढाउनु | जलाउनु | सासु | ज्यू |
| दौड्नु | फाला हाल्नु | बिरालो | बिल्लो |
| पर्खनु | रोकिनु | पाडी | थोरो |
| गर्नु | गरनु/हर्नु | मेला | राम/जात्रा |
| आफू | आपु | वर्षा | मेग |
| निधार | चन्डी | पुरुष | लोग्न्या |
| जुम्रो | जउडो | रोग | विमार/विराम |
| आँप | आम | मृत्यु | मर्नु |
| चिसो | चिसो | कुरा | कुडा |

| | | | |
|---|---|---|---|
| लामो | लामु | ढोका | देलो |
| दाहिने | दाइने | समय | बेला |
| देब्रे | बाउ | पुस्तक | कापी |
| जरा | जडा | शिक्षक | मास्टर |
| भण्टा | भिडा | विद्यार्थी | स्कुले |
| खुर्सानी | खुसानी | कान्छाबुबा | काका |
| बेसार | हदेलो | कान्छीआमा | काकी |
| काउली | गोभी | पसल | दोकान |
| गोलभेडा | टामटर | पेन्ट | पइट |
| बदाम | मुकफली | सर्ट | कम्मेज/कमिज |
| कमिलो | किर्मिलो | ब्लाउज | मइलचाटो |
| नाम | नाउ | सारी | साडी |
| बहिनी | बैनी | धोती | गुनिया |
| लोग्ने/श्रीमान् | लोग्न्या/पोइ | टोपी | टोपी |
| स्वास्नी/श्रीमती | जोइ | कट्टु | चट्या |
| धुवाँ | धुकाल | फरिया | झगलो |
| दूध | दुद | ऋण | रिन/सापटी |
| पुच्छर | पुछट्टो | अनार | दाडीम |
| सर्प | साँप | कोदो | कोद्या |
| लामखुट्टे | मच्छड | हसियाँ | आसी |
| औंठी | मुदुडो | कोदालो | बाउसो |
| लुगा/कपडा | लत्ता/कपडा | न्वारन | नवान्नी |
| आकाश | सरग | ब्रतबन्ध | बर्तीवन्ध |
| बालुवा | बाल्दो | अनुहार | औतार |
| पेट | लादो | हिसाब | हिसाव |
| स्तन | चुचु | झगडा | लफडा |
| दाँत | ताडा/दाना | बार्दली | ओटालो |

## परिशिष्ट 'ख'

# सूचकहरूलाई सोधिएका प्रश्नहरू

निम्न वाक्यलाई तपाईको आफ्नो स्थानीय भाषिकामा रुपान्तरण गर्नुहोस् :

| | |
|---|---|
| १. असल केटो । | राम्डो छोर्याट्टो । |
| २. राम भात खान्छ । | राम भात खाँदो छ । |
| ३. म विद्यालय जान्छु र पढ्छु । | मु स्कूल जाँदोछु रे पड्डो छु । |
| ४. जुन खेतमा पानी लाग्दैन त्यस खेतमा बाली राम्रो हुँदैन । | जै खेतमा पानी लाग्दैन तेइ खेतमा बाली राम्डो हुँदैन । |
| ५. तिमी घर जाऊ । | तुमि घर जाव । |
| ६. महिलाहरु देउडा खेल्छन् । | बैकिनी देउडा खेल्छन् । |
| ७. तिमी आए म जान्छु । | तुमी आय मु जान्छु । |
| ८. खेती सप्रेन भने भोकै मरिन्छ । | खेती सपडेन भन्या भोकै मरिदोछ । |
| ९. केटी सुती । | छोऱ्याट्टी सिई । |
| १०.सानो भाइ । | नानु भाउ । |
| ११. म प्रशस्त भात खान्छु । | मु भिक्क भात खाँदोछु । |
| १२. तिमी तुरुन्त घरमा आऊ । | तुमी छाँटा घरमा आव । |
| १३. म हिजो किताब पढ्दै थिए । | मु बेली किताप पड्डै छियाँ । |
| १४. मेरो छोरो सुत्यो । | मेरो फल्याउटो सियो । |
| १५. मेरो घरमा बिरालो छ । | मेरो घरमा बिल्लो छ । |
| १६. यिनी मेरी बुहारी हुन । | इनी मेरी ब्वारी हुन् । |
| १७. म जात्रा हेर्न गए । | मु राम हेन्न गयाँ । |
| १८. तिमी रोटी खाऊ । | तुमी रोटा खाओ । |
| १९. ऐया! मेरो पेट दुखेको छ । | अइया! मेरो लादो दुख्याको छ । |

## परिशिष्ट 'ग'

# सूचक तथा रुजुकर्ताहरुको नामावली

| क्र.सं. | नामथर | ठेगाना | उमेर | योग्यता | लिङ्ग |
|---|---|---|---|---|---|
| १. | बहादुर सिंह साउँद | श्री पूर्णचन्द्र उ.मा.वि. | ३६ | बी.एड | पु. |
| २. | सुशिल साउँद | श्री भाटाकाटिया-२ | ३१ | आइ.एड. | पु. |
| ३. | हरिलाल साउँद | श्री भाटाकाटिया-५ | ६५ | साक्षर | पु. |
| ४. | कोइली देवी साउँद | श्री भाटाकाटिया-५ | ६० | निरक्षर | म. |
| ५. | लाल बहादुर साउँद | श्री पूर्णचन्द्र उ.मा.वि. | ५० | एस.एल.सी. | पु. |
| ६. | लाल बहादुर बुढा | रामारोशन | ५६ | साक्षर | पु. |
| ७. | शेर बहादुर साउँद | श्री यशोदा उ.मा.वि. | ५० | आइ.एड. | पु. |
| ८. | गोविन्द साउँद | श्री यशोदा उ.मा.वि. | ३१ | वी.एड | पु. |
| ९. | जगत साउँद | श्री यशोदा उ.मा.वि. | ४५ | आइ.एड. | पु. |
| १०. | देउरुपा बुढा | रामारोशन | ५५ | साक्षर | म. |
| ११. | उदय बोहरा | रामारोशन | ६२ | साक्षर | पु. |
| १२. | पदम बोहरा | रामारोशन | ४० | साक्षर | पु. |
| १३. | नर ब. रोकाया | रामारोशन | ३६ | आइ.एड | पु. |
| १४. | पदमराज न्यौपाने | बाटुलासेन | ३६ | एम.ए. | पु. |
| १५. | सर्पसिंह वि.क. | बाटुलासेन | ४२ | आइ.एड. | पु. |
| १६. | धर्मसिंह बटाला | बाटुलासेन | ३२ | बी.एड | पु. |
| १७. | डबल वि.क. | बाटुलासेन | ३० | बी.एड. | पु. |
| १८. | केशर रावल | शान्तडा | ३१ | एम.एड | पु. |
| १९. | अर्जुन रावल | शान्तडा | ३१ | एम.एड | पु. |
| २०. | ज्ञानेन्द्र न्यौपाने | शान्तडा | ५७ | साक्षर | पु. |
| २१. | नृप रावल | चाफामाडौं | २८ | बी.एड | पु. |
| २२. | अरविन्द रावल | चाफामाडौं | २९ | बी.एड | पु. |
| २३. | मन्धरी रावल | चाफामाडौं | ८४ | निरक्षर | म |

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | टेक भण्डारी | सुतार | ६६ | निरक्षर | पु. |
| २५. | ललते अयडी | सुतार | ५६ | साक्षर | पु. |
| २६. | पदम भण्डारी | सुतार | ५४ | साक्षर | पु. |
| २७. | केशर रावल | चाफामाडौं २ | ३३ | बी.एड | पु. |
| २८. | चक्र बहादुर रावल | चाफामाडौं | ४१ | एम.ए. | पु. |
| २९. | दिलिप रावल | चाफामाडौं | ३१ | बी.एड. | पु. |
| ३०. | रती ब. साउँद | रामारोशन | ६४ | साक्षर | पु. |
| ३१. | गुमान बुढा | रामारोशन | ६८ | साक्षर | पु. |
| ३२. | तारा रावल | शान्तडा | ५९ | साक्षर | म. |
| ३३. | लाल ब. रावल | चाफामाडौं | ५८ | साक्षर | पु. |
| ३४. | रनसिंह ढोली | चाफामाडौं | ७१ | निरक्षर | पु. |
| ३५. | देव ब.साउँद | भाटाकाटीयाँ | ३१ | एस.एल.सी. | पु |
| ३६. | दिपीका साउँद | पूर्णचन्द्र उ.मा.वि. | १५ | कक्षा १० | म |
| ३७. | चन्द्र साउँद | पूर्णचन्द्र उ.मा.वि. | १६ | कक्षा १० | पु. |
| ३८. | एकेन्द्र साउँद | पूर्णचन्द्र उ.मा.वि. | १५ | कक्षा १० | पु. |
| ३९. | रमेश साउँद | पूर्णचन्द्र उ.मा.वि. | १८ | कक्षा ११ | पु |
| ४०. | जानकी साउँद | पूर्णचन्द्र उ.मा.वि. | १८ | कक्षा ११ | म. |
| ४१. | निरा रावल | नेरा.उ.मा.वि. | १८ | कक्षा ११ | म |
| ४२. | पंकज रावल | नेरा.उ.मा.वि. | १५ | कक्षा १० | पु |
| ४३. | लोक बहादुर रावल | चाफामाडौं | ३६ | आइ.ए. | पु. |

## परिशिष्ट 'घ'

# अछामी देउडा गीतहरु

केटा : नौलो कोल पुरानो वियो तेल छोड तेल छोड

पडेको रइनीको रात आउ शुवा खेल जोड ।

केटी : कालीखाते मैना भयो परेव बाझ भयो

काँवाटी सवारी भयो काँबाटी राज भयो ।

केटा : मेग आयो सहल्या बाटि कुइडो फाटि फाटी

साली सम्म खेलुभनी आय टाढैबाटी ।

केटी : हलो भाच्यो फालो भाच्यो दाउना वहडले ।

के मेरा मायाले आइके आफ्नै रहडले ।

केटा : खारे बाटो दोकान पन खल्तीमा दामपन

मेरो आउने रहड पन साई भेट्ने कामपन ।

केटी : वैशाग भागीका जन्त लामन हाल्दी लछि

आँ बाज सुनौलि कोल त्यसो भयापछि ।

केटा : अल्गी डाँडा बतास लाग्दी तमाखु खाउँ भन्या

कोइ त्यरा रिसाने छनके तँतिर आउँ भन्या ।

केटी : चिन्यका चौतारा मनि बसिकन गाया ।

टाढा है पिरथी लाया नजिक न आया ।

केटा : कान्छी औंलो रेटी लैइग मुदुडी फेरयाले

सौरडी काटिन्या होके टाढा होइ हेरयाले ।

केटी : कै को मैना क्या बोल्दो छ मर्म काटि काटि

ऐरिले कुयाली जेल्यो टाढाई टाढाबाटी ।

केटाः पुर्वकोदे, पसैगयो उत्तर जौ भयो

आजको रात चानभारी खेलु लौतर लौभयो ।

केटी : मुख्याले तालीका लेख बाग मार्‍यो केसरी

मौसरका गौंडे भेट झुलाव बेसरी

केटा : ठाँकरु पाइयन होके रल्याइला सिमीले
म झुल्याउने कैलछिया झुल्याउने तिमिले

केटी : कि घुत्याइला पैँया काफल कि खोली पागर
एक कुराले केहि हुँदैन सब मिली सागर

केटा : खोलाउँदो बसेको छिँया झिरकुलाले चिली
यो थली झम्काउनु पड्यो तुमी हामी मिली

केटी : घाँट बज्दा घुँघुरा बज्दा छमक्क छमक्क
याँको बाउली त्या पुर्‍याउँला लमक्क लमक्क

केटा : जौ गाउँ पाकी पेलमपुर धान पाकी डम्बर
म माथ ढल्काउँदो भया साइ वेडेइ कम्मर

केटी : खेडिजान लौ लस्कर खेडिजा खेडिजा
म पन बेडिदो भया त पन बेडिजा

केटा : हात पेल्यो हत्केलो पेल्यो चिउर्‍या पेल्दा पेल्दा
हटँ सुवा घर वाइजाउ अब न्याउँला खेल्दा खेल्दा

केटी : छोटा साल लाडकनि दुईजनि टाडिकी
साई मेरा जीवनको साथी होइजन आटिकी

केटा : दाजु माल भाउजु माल ममाल गैजाने
छोड्ने छैन लालहिरालाई सँगैमा लैजान्या ।

केटी : पतर स्याउँला बगाई, लैग बम खोला बबैले
घर घरबार वन प्रीति सक्दैन सबैले

केटा : अर्को माया मर्दै रला त्यो माया नमारी
बनखेतीको तार पड्दैन घरखेती नमारी


केटीः तौड कोर तौडेना भाइहो गिठाकोर राजी
खाइसक्ता मिनाको पानी जसातसा पाजी

केटा : उकाला भोक लागि जाली खाउँला पानी पानी
दाल भाते इष्टकी छोरी लिउला तानी तानी

केटी : नाउतेरो कठालो मेरो सिउने दमाई दर्जि
के तेरो मनपडि छयोकी मेरो पन मर्जि

परिशिष्ट 'ङ'

## अछाम जिल्लाको नक्सा



★ अध्ययन क्षेत्र